## हाम्रो अपेक्षा यो हुनुपर्छ कि हाम्रा पार्थिक संघर्षहरु भन्दा हाम्रो कामहरु चिर स्थाई होऊन्

परमेश्वरका जनहरु जसका बारेमा हामी पुरानो करारमा पढ्छौ, तिनीहरु लामो आयु बाँचे । उदाहरणको लागि, मोशा १२० वर्ष बाचेका थिए । अब्राहम १७५ वर्षसम्म र नुहा ९५० वर्षसम्म बाचे ! यस्तो लाग्छ कि उनीहरुको गल्तीहरुबाट सिक्ने उनीहरुसँग प्रयाप्त समय थियो, परमेश्वरको मार्ग अनुरुपको जीवन जीआईको एउटा पैतृक अधिकार छाडिजाने अवसर पनि थियो । तिनीहरु जति लामो समयसम्मका लागि बाँचेको भएता पनि बाईबलले हामीलाई अनन्तको तुलनामा मानव जीवन अति नै छोटो छ भनी भन्दछ । परमेश्वरको राज्यमा प्रभाव पर्ने त्यही काम गर्न हामी सित एक छोटो समय अवधि छ । धार्मिक मानिसहरुलाई पनि संघर्ष गर्नु परेको थियो । संसारमा जीवन व्यति गर्नु कति गाह्रो हुन सक्छ भन्ने कुरामा येशु पनि अपरिचित हुनुहुन्न थियो । जस्तो सुकै चुनौतीहरु माथि विजयी हुनु परेता पनि । हाम्रा पार्थिव संघर्षहरु भन्दा हाम्रो कामहरु चिर-स्थाई होऊन् भन्ने हाम्रो अपेक्षा हुनुपर्छ । तपाईले आजैबाट के गर्न सक्नुहुन्छ जुनले परमेश्वरको अनन्तको "योजनामा" केही योगदान पुऱ्याउन सक्छ ?

आजको लागि प्रार्थना :

प्रभु, मेरो समय सिमित छ र जसकारण प्रत्येक क्षणहरु महत्वपुर्ण छन् भन्ने कुरा महशुस गर्न मलाई सहायता गर्नुहोस् । म तपाईलाई मन पर्ने जीवन जीउन चाहन्छु, मैले कुन कदमहरु चाल्नुपर्छ भनी मलाई देखाउनुहोस् । मेरो जीवनको सानो भन्दा सानो कुरा प्रति वास्ता पुऱ्याउनु भएको निम्ति तपाईलाई धन्यवाद छ ।

आजको बाईबल खण्ड :

याकुब ४:१४ भन्नेहरु अब सुन, भोलि के हुने हो तिनीहरु जान्दैनौ । तिम्रो जिन्दगी के छ ? तिमीहरु त तुवाँलो हौ, जो केहि बेरको निम्ति देखा पर्छ अनि हराईहाल्छ ।

लुका २१:३३ स्वर्गहरु र पृथ्वी बिती जानेछन् , तर मेरा वचन बित्ने छैनन् ।

# स्वईच्छाले उठाईएको हात भन्दा चिठ्ठा हाल्दा परमेश्वरले त्यसलाई मान्यता दिनुभयो भन्ने धेरै प्रमाण त्यहा परमेश्वरको वचन पाइन्छ

पापमा गिरेको मानव स्वभावले केहि नियन्त्रण गर्न सकियोस् भन्ने इच्छा राख्छ वा तिनीहरुलाई संलग्न गर्नका लागि निर्धारकको रुपमा भोट गर्न इच्छा राख्छन् जे भएता पनि, परमेश्वरको वचनद्धारा , परमेश्वरले अधिकारीहरु नियुक्त गर्नुहुन्छ र जीवनमा हामीलाई अगुवाई गर्न उहाँ इच्छा बमोजिमको मानिस छान्नुहुन्छ । धर्मशास्त्रले बताउँछ कि कुनै पनि समय जब परमेश्वरले एक व्यक्ति भन्दा बढी व्यक्तिहरुसँग व्यवहार गर्नलाई इच्छा गर्नुभयो, उहाँले सधैं एक व्यक्तिलाई  प्रमुख हुनलाई चुन्नुभयो ।

यो कुरा परिवारको सम्बन्धमा दास र मालिकको सम्बन्ध विवहाको सम्बन्ध, सरकारको सम्बन्धमा र मण्डलीको सम्बन्धमा पनि सत्य हुन आँउछ । यदि कहिल्यै स्वईच्छा पुर्वक अघि आउनका लागि उठाएको हातहरुद्धारा कुराहरुको निर्धारण हुने छन् भनेता, सत्यता र परमेश्वरको इच्छा विरलै मात्र पुरा हुन्छन् । हरेक पटक जब इस्रएलीहरुले आफै स्वईच्छाले आङ्खना लागि अगुवाहरु चुने वा आङ्खनै तरिकाद्धारा आङ्खना लागि अगुवाहरु छाने, त्यसको अन्त्य भैवाहपुर्वक भयो ।  सम्भवत् यसै कारणले गर्दा होला परमेश्वरले चिठ्ठा हाल्ने प्रणालीलाई स्थापित गर्नु भयो, जुन डाइस भन्दा अलि बढी महत्वको हुन्छ र जुन परमेश्वरको लागि हाम्रो जीवनलाई असल गरी धेरै प्रार्थना पुवर्क मात्र हालिन्छ ।

परमेश्वरको स्प्रष्ट वचन विना अर्को उत्तम कुरा भनेको, धेरै पटक, लोकप्रिय भोटको भन्दा एउटा भेँडाको अर्को पोशाकका भरोसा राख्नुजस्तो हुन्छ । हामी असल परमेश्वरको जनहरुका उत्साहहरुलाई त्यागदैनौ, तर एक जनाले मात्र अगुवाई गर्न सक्नुहुन्छ, अनि उहाँको नाँउ येशु हो । उहाँलाई तपाईको प्रमुख आसनमा राख्नुहोस् ।

## आजको लागि प्रार्थना :

प्रिय पिता, मलाई तपाईको मार्ग देखाउनुहोस् र पवित्र आत्माद्धारा मलाई मार्ग दर्शन गर्नुहोस् धेरै मानिसहरुमा भन्दा बढी म तपाईको भरोसा राख्दछु । मलाई तपाईले रोज्नुभएको सल्लाहकारहरु दिनुहोस् र तपाईको दैविक शक्तिद्धारा मेरो जीवनलाई मार्ग दर्शन गर्नुहोस् ।

## आजको लागि बाईबल खण्ड :

न्यायकर्ता ६:४० परमेश्वरले त्यस रात पनि त्यसै गर्नुभयो । ऊन मात्र सुख्खा रह्यो, र त्यसका चारै तिरको जमीनमा शीत परेको थियो ।

प्रेरित १:२६अनि तिनीहरुले ती दुईका बीचमा गोला (चिठ्ठा) हाले, र मतियोसको नाँउमा पऱ्यो, र एघार प्रेरितहरुसँग तिनको गणना भयो ।
यहोशु १८ :१० अनि यहोशुले परमप्रभुको् सामु शिलोमा तिनीहरुका निम्ति चिठ्ठा हाले, र त्यहि नै यहोशुले तिनीहरुका भाग-भाग अनुसार इस्राएलीहरुलाई सो देश बन्डा गरि दिए ।
योना १:७ तब नावीकहरुले आपसमा भन्नलागे, “आओ, यस आपत्तीको जिम्मेवार को रहेछ, सो जान्नलाई हामी चिठ्ठा हालौं ।” तिनीहरुले चिठ्ठा हाले, र चिठ्ठा योनाको नाँउमा पऱ्यो ।

# भविष्यवाणीको स्थान राजनितीलाई लिन नदिनुहोस्

मानिलिनुहोस् कि, परमेश्वरले मण्डलीको पाष्टरलाई भन्नुभयो, जो स्प्रष्टरुपमा मण्डलीको सुरुवात गर्न व्यक्ति वा पिता हुन भनी जानिएकोछ, त्यस दर्शनको लागि जिम्मेवार छन् जुनमा मण्डलीले अरु स्थानहरुका सेवकायिय कामको लागि दश हजार डलर दिनुपर्दछ । यो कुरा पाष्टरले उनको अरु अगुवाहरुसित बाँड्छ र तिनीहरु प्रार्थनापुर्ण सल्लाहहरु र तिनीहरुको स्वीकृती खोज्छ भन्ने कुरा साधारण नै हो । कल्पना गरौ कि सल्लाह दिदा अलि समय पछि केहि अगुवाहरुले खुद्रा पैसाप्रति गम्भिर भई मुद्दाको रुपमा लिई, पाष्टरलाई घटाएर एक हजार डलर मात्र बनाउन दबाब दिन थाले ।

समय बित्दै जादा, ती अगुवाहरु र पाष्टर स्वयंम पनि तिनीहरुको आङ्नै विचार भएको जस्तै मानिसहरु बढाउन र तिनीहरुको व्यक्तिगत स्तरलाई सहायता गर्ने एउटा राजनैतिक भुमिको शुरु गर्ने परिक्षामा पर्न सक्दछन् । यी राजनैतिक प्रक्रियाहरु प्रायः जसो अन्तमा गएर या त विभाजित अथवा सम्झौतामा गएर टुंगिन्छ । यदि मण्डलीले ५ हजार डलर मात्र पठाउने टुंगोमा पुगे भने पनि तब कसै सित पनि परमेश्वरको वचनको पालना गर्ने अलिक पनि मौका हुने छैन । जब हामी परमश्शवरको निर्देशनहरुको सट्टामा, अगमवाणिको स्थानमा राजनितीलाई समर्थन गर्दछौ, कसै सित पनि विजयी हुने अवसर हुदैन । परमेश्वरले या त १० हजार डरल नै देऊ भन्नुहुन्छ अथवा केहि दिनुपर्दैन भनी भन्नुहुन्छ । अगमवाणिहरुलाई जाँच्न सकिन्छ तर राजनैतिक प्रक्रियाहरुबाट भने होइन । राजनितीमा सम्झौता हुन्छ ।

आजको लागि प्रार्थना :

हे प्रभु, म तपाईको मण्डलीको निम्ति प्रार्थना गर्छु । राजनिती र ती प्रक्रियाहरु जुनले मण्डलीलाई सम्झौता गर्न तिर डोऱ्याउँछ, त्यसदेखि बचाउनुहोस् । ती मलाई अर्को पक्षमा बनाउन खोज्ने प्रभावद्धारा म ढलमल हुने छैन र त्यसमा डुब्ने छैन । मेरो जीवनमा रहनु भएका तपाईले रोज्नुभएका तपाईका अगुवाहरुलाई स्प्रष्ट बोल्नुहोस् र म तपाईको अगुवाहरुलाई पछ्याउनेछु।

आजको बाइबल खण्ड :

प्रकाश २२ :१९ अनि कसैले यस अगमवाणीको पुस्तकका वचनबाट केहि घटायो भने, यस पुस्तकमा लेखिएका जीवनको वृक्ष र पवित्र शहरबाट त्यसले पाउने हिस्सा परमेश्वरले त्यसबाट खोस्नुहुनेछ ।

१ कोरिन्थी १४:२९ अगमवाणी बोल्ने चाँहि दुई अथवा तीन जना होऊन् र अरुले तिनीहरुले बोलेको कुरा राम्ररी जाँच गरुन् ।

१ शमुएल १५ :२४ शाऊलले शमुएललाई भने,"मैले पाप गरे । मैले परमप्रभुको आज्ञा र तपाईका हुकुमको वास्ता गरिन । म मानिसहरुसँग डराए, र तिनीहरुको कुरा मैले माने ।"

## आज्ञा पालन बलिदान भन्दा उत्तम हो

परमेश्वरको वचनबाट हामी बभ्नुपर्ने एउटा सिद्धान्त त्यहा छ जुनले हामीलाई बताँउदछ कि हामीले जे कुरा अनाज्ञाकारी भएर गुमाउछौ त्यसलाई बलिदान चढाएर कहिल्यै पनि पुरा रुपमा पुनः प्राप्त गर्न सकिन्न । यो कुरा मानिससित मात्र होइन तर परमेश्वर सित पनि सत्य हुँदछ । परमेश्वरले सबै मानिसहरुलाई बचाउनको लागि आफ्नो पुत्रलाई दिनुभएता पनि ...सबै मानिसहरु बचाइने छैनन् । परमेश्वर मानिसका केहि आत्मा तिनीहरुको अनज्ञाकारिताको कारण गुमाउनु हुनेछ, जसको भर्पाइ येशु खिष्ट, निर्दोष थुमाको बलिदानले पनि हुन सक्दैन । अगमवक्ताहरु शमुएल र यशैया दुवैले यो सत्यताको बारेमा स्प्रष्ट रुपमा बोले । यशैया प्रश्न सोध्छन्, “तिमी किन बलिदान चढाउदैछौ ?” उनले अगाडि भन्दछन् कि परमेशवरले बलिदानहरु घृणा गर्नुहुन्छ त्यसलाई एउटा दुर्गन्ध आउने वस्तुको रुपमा ठान्नुहुन्छ किनभने त्यसले मानिसको पापको बारेमा मात्र सम्भना दिलाउछन् । यशैयाले त्यसको एक मात्र औषधी, पाप काम गर्न छाडि, परमेशवरको इच्छा पुरा गर्न सिक्नु हो भनि बताउदछन् ।

आजको लागि प्रार्थना :

प्रिय पिता, मेरो पापको लागि तपाईको पुत्रलाई बलिदान चढाउनुभएको लागि र मेरो आत्माको लागि उहाँलाई प्रयाश्चित हुन स्वीकार गर्नुभएको लागि धन्यवाद छ । अब उप्रान्त मलाई बलिदान चढाउन होइन तर पाप कर्म गर्न बाट रोकिन र असल काम गर्न मलाई मदत गर्नुहोस् ।

आजको बाइबल खण्ड :

यशैया १:११ परमप्रभु भन्नुहुन्छ, “तिमीहरुका बलिदानहरुको थुप्रो मेरो निम्ति के काम लाग्छ ? म त भेँडाहरुका होम बलि र पालेका मोटा पशुहरुका बोसोका होम बलि देखि अघाएको छु । साँढे, थुमा र बोकाहरुको रगत देखि म प्रशन्न हुन्न ।

यशैया १ : १९-२० यदि तिनीहरु राजी र आज्ञाकारी भयौ भने, तिमीहरुले यस देशका असल-असल कुरा खान पाउने छौ तर तिमीहरु इन्कार गर्छौ भने र अट्टेरी हुन्छौ भनेता, तिमीहरु तरवारले काटीनेछौ । किनकि परमप्रभुकै मुखले यो कुरा भन्नुभएको हो ।

१ शमुएल १५:२२-२३ तर शमुएलले भने,“होमबलि र बलिदान भन्दा बेसी परमप्रभुले आज्ञा पालन नै रुचाउनुहुन्न र ? आज्ञा पालन बलिदान भन्दा उत्तम हओ, र उहाँको वचन मान्नु भेडाको बोसो भन्दा असल हो । उहाँको आज्ञा उलंघन गर्नु तन्त्रमत्रको पाप जस्तै हो, र हट्टी हुनुमुर्ति पुजा गर्नु जस्तै खराब हो । तपाईले परमप्रभुको वचनलाई त्याग्नुभयो, यसैले परमप्रभुले पनि तपाईलाई राजाको पद देखि त्याग्नुभएको छ ।”

## परमेश्वरको देबै तिर धेरै विषयहरु भएका मानिसहरु छन्

हामीलाई जानकारी भए अनुसार दोश्रो विश्व युद्ध ताका केहि जर्मन सैनिकहरु जो अमेरिकी सेनामाथि नरम्यान्डी समुह किनारमा नजर राखिरहेका थिए, अघि समर्पित विश्वासीहरु हुनका साथै तिनीहरुसित बाईबल पनि थियो, तिनीहरुमध्ये धेरै बाईबल बोक्ने ख्रिष्टीयन थिए तापनि तिनीहरुले त्यस समुन्द्रि किनारमा भारी मात्रामा बमबारुद बर्साइ रहेका थिए । मेलै व्यक्तिगत रुपमा सुनेको घटना विवरण अनुसार एक जना जर्मन सैनिक अधिकृतले आक्रमण गर्ने सेनाहरुलाई देखेर उनका सैनिकहरुलाई घुडा टेकी शिर झुकाएर आङ्गना -आङ्गना स्थान लिई प्रभुको प्रार्थना पुनः दोहोर्‍याउनको लागि भने । कहिले काँहि कल्पना गर्न पनि गाह्रो हुन्छ कि आङ्गनै पद सहि हो भने विश्वासमा खडा भई परमेश्वरका राज्य आओस् र उहाँको इच्छा पुरा होस् भनि गम्भिर पुर्वक प्रार्थना गर्ने मानिसहरु परमेश्वरको दुबै तिर छन् । सम्भवत् :यो एउटा कारणले गर्दा परमेश्वरले हाम्रो शत्रुलाई प्रेम गर्न र भोकाएका बेला खुवाउन, सताउदा आशिर्वाद दिन प्रेरणा दिलाउँछ । हाम्रो व्यक्तिगत गौरवलाई विजयीको रुपमा कहिल्यै नलिन तर बरु सबै प्रतिशोध उहाँको नाँउमा विर्सनको लागि प्रेरणा दिनुहुन्छ । के तपाईको समाज वा राष्ट्रमा कुनै विषयहरुछन् जुन विश्वासको दुबै तिर छ ?

### आजको लागि प्रार्थना :

प्रिय परमेश्वर, मैले जस्तो विश्वास नगरेता पनि अरुहरु माथि टिठ्याउन वा मेरो दृष्टिकोणबाट कुराहरु हेर्न मलाई सहायता गर्नुहोस् । येशुको नाउमा आफुलाई जसरी व्यवहार गरेको चाहन्छ, त्यसरी नै अरुहरुलाई पनि व्यवहार गर्न मलाई सिकाउनुहोस् ।

### आजको लागि बाइबल खण्ड :

रोमी १४ :१-७ विश्वासमा कमजोर हुने मानिसलाई ग्रहण गर, तर उसको मतसम्बन्धी कुरामा वाद-विवाद गर्नलाई होईन । कसैले सबै थोक खानु हुन्छ भनी विश्वास गर्छ, तर विश्वास कमजोर हुनेले चाहिँ सागसब्जी मात्र खान्छ । खानेले नखाने मानिसलाई तुच्छ नठानोस्, र नखानेले खानेलाई दोष नलगाओस् । किनभने परमेश्वरले त्यसलाई ग्रहण गर्नुभएको छ । अर्काको चारकलाई इन्साफ गर्ने तिमी को हौं ? त्यो त आफ्नै मालिको साम् खड़ा हुन्छ वा पतित हुन्छ । त्यो खड़ा गराइनेछ, किनभने, त्यसका मालिकले त्यसलाई खड़ा गराउन सक्छ । कुनै मानिसले एउटा दिनलाई अर्को दिनभन्दा बढी महत्वको मान्छ, अर्को मानिसले सबै दिनलाई समान ठान्छ । हरेक मानिस आफ्नै मनमा पूर्ण रुपले निश्चित हुनुपर्छ । जुन व्यक्तिले कुनै दिनलाई विशेष रुपले पालन गर्छ, त्यसले प्रभुको आदरको निम्ति पालन गर्छ । जुन व्यक्तिले खान्छ, त्यसको प्रभुको निम्ति खान्छ, किनकि त्यसले परमेश्वरलाई धन्यवाद दिन्छ । जुन व्यक्तिले खाँदैन, त्यसले परमेश्वरको आदरको निम्ति खाँदैन र परमेश्वरलाई धन्यवाद दिन्छ । हामी कोही पनि आफ्नै निम्ति बाँच्दैनौं र कोही पनि आफ्नै निम्ति मर्दैनौं ।

## यदि तपाई येशुजस्तै हुन चाहन्छु भने, तपाई मण्डली जानुपर्छ

मण्डली, संसारमा ख्रष्टिको दुलही र परमेश्वरको परिवार हो । एफिसीले हामीलाई बताँउछ कि येशु मण्डली, उहाँ शरीर र दुलहीको लागि मर्नुभयो यो परमेश्वरको इच्छा हो कि एउटा स्थानिय विश्वासीहरुको परिवारका प्रत्येक सदस्यले राम्रोसँग काम गरोस्, यद्दपी त्यस प्रकारको समर्पणको गर्ने समय तिनीहरु सित छैन भनी धेरै विश्वासीहरु कल्पना गर्छन् । ख्रीष्टको दुलहीसित विवहा र करारमा, परमेश्वरले उहाँका सन्तानलाई मण्डलीमा गएर बलिदानहरु चढाउन, चाड मनाउन र भेटीहरु दशांश ल्याउन आज्ञा दिई खडा गर्नुभयो र शबाथ मनाउनु भयो । अझ बढी भन्नुपर्दा, स्वर्गको चित्रन र त्यहाको थुमाको आराधनाले अरु केहि नभई मण्डलीको आराधनाको चित्रण गर्दछ । यदि तपाई स्वर्ग जाने हो भने तपाई मण्डली जानुहोस् । कृपया परमेश्वर र स्थानिय मण्डलीमा तपाईको जीवन समर्पित गर्नुहोस् ।

आजको लागि प्रार्थना :

पिता, यस संसारमा हाम्रो लागि बनाउनु भएको परिवारको निम्ति तपाईलाई म धन्यवाद दिन चाहन्छु । मलाई तपाईले राख्नुभएको मेरो स्थानिय मण्डलीको एउटा अभिन्न अङ्ग हुने म प्रतिज्ञा गर्दछु । येशुको नाँउमा मलाई उत्पादनशिल बनाउनुहोस् र अनुग्रह गरिदिनुहोस् । आमेन् ।

आजको बाइबल खण्ड :

हिब्रु १० :२५ कति जनाको संगतीमा नजाने बानी हुन्छ, तर हामीचाँहि एक साथ भेला हुन नछोडौं । तर प्रभुको दिन नजिक आइरहेको तिमीहरुले देखेका हुनाले एउटाले अर्कालाई झन् प्रोत्साहन देऊ ।

लुका ४:१६ उहाँ नासरतमा आउनुभयो, जहाँ उहाँ हुर्कनु भएको थियो । उहाँ आफ्नो आदत अनुसार शबाथ दिनमा सभाघरमा जानुभयो, र पढ्नलाई खडा हुनु भयो ।

मलाकी ३:१० सम्पुर्ण दशांश ढुकुटीमा ल्याओ, ताकि मेरो घरमा भोजन रहोस् । यसमा मलाई जाचेर हेर, सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ, “म स्वर्गका ढोकाहरु उघारेर पर्याप्त ठाँउ पनि नहुनेसम्मका आशिष तिमीहरुमाथि बर्साउछु वा बर्साउदिन, ” सर्वशक्तिमान परमप्रभु भन्नुहुन्छ ।

# पहिलो दर्जाका शिक्षकहरु मुर्ख छैनन्

पहिलो दर्जाका शिक्षकहरुलाई हिसाब गर्न नआउने भन्ने होइन, तर पहिलो दर्जाका विद्यार्थीहरुलाई हिसाब सिकाउनु पर्दैन भन्ने सचेतना तिनीहरु सित हुन्छ। विद्यार्थी र शिक्षक बीचको अस्तित्वमा रहेको सबै भन्दा ठुलो खाल्डो त्यस पहिलो दर्जाको हितोपदेशिय अनुभव छ । त्यस समयबाट त्यो खाल्डो साँगुरिदै जान्छ तबसम्म जब सम्म एक दिन शिक्षकले अर्को विद्यार्थी उनीभन्दा बुद्धिमा, ज्ञानमा र सीपमा उछिन्ने भनी महशुस गर्दैन। जेहोस्, जीवनको खुड्किला जति माथिसम्म एउटा व्यक्तिले चढेता पनि अन्त्यमा, तिनीहरुको शुरुको अवस्थामा भन्दा अरुबेला त्यति सुरक्षित हुदैनन् ।

यसकारणले गर्दा ती व्यक्तिहरु जसलाई हामी स्वर्गको राज्यको लागि प्रभाव पार्दछौ, तिमीहरुको जीवनमा एउटा असल जग बसाल्न हामी कहिल्यै बेखुशी हुनुहुन्न । खीष्टीयन मतको आधारभूत तथा साधारण सिद्धान्त सिकाईको राम्रो समयलाई नत्याग्नुहोस् ।

आजको लागि प्रार्थना :

हे प्रभु, तपाईको वचनको सरलतामा सन्तुष्ट रहन र मेरो पहिलो प्रेमलाई नगुमाईकन राखीराख्न मलाई सिकाउनुहोस् । चट्टान जुन खीष्ट हुनुहुन्छ त्यसमाथि मेरो जीवनको जग बसाल्न मलाई सहायता गर्नुहोस् ।

आजको बाइबल खण्ड :

मत्ति ७ :२४-२७ “यस कारण जसले मेरा यी वचन सुन्छ र पालन गर्छ, म एउटा बुद्धिमान् मानिससँ त्यसको तुलना गर्छु जसले आङ्नो घर चट्टानमाथि बनायो । अनि पानी पऱ्यो, अनि हुरी चल्यो र त्यस घर माथि बजारियो र पनि त्यो घर ढलेन किनकि त्यो चट्टानमाथि बसालिएको थियो । जसले मेरा यी वचन सुनेर पनि पालना गर्दैन, त्यसको तुलना एउटा मुर्ख मानिससँग गरिन्छ, जसले आङ्नो घर बालुवा माथि बनायो । पानी पऱ्यो, र बाढी आयो, अनि हुरी चल्यो र त्यस घरमाथि बजारियो, र त्यो घर ढल्यो, अनि त्यसको ठुलो विनाश भयो ।

२ कोरिन्थी ११:३ तर जसरी सर्पले आङ्नो चलाकीले हव्वालाई छल्यो, त्यसरी नै खीष्ट प्रतिका तिमीहरुको निष्कपट र चोखो भक्तिबाट तिमीहरुका विचारहरु भ्रममा पर्छन् कि भनेर मलाई डर लागेको छ ।

# स्वर्ग गएपछि तपाई त्यहाँ पहिले नै किन आउनुभएन भन्ने यो एउटा कुरामा भने पछुताउनु हुनेछ

बाईबलले बताउँदछ कि परमेश्वरले स्वर्गलाई यति सुन्दरसित बनाउनुभएको छ कि त्यो कस्तो छ भनेर हामीले कल्पनासम्म पनि गर्न सक्दैनौ । त्यो कस्तो अद्भुत होला भनी कल्पना गर्ने प्रयास गर्नुहोस् ... सुनको सडकहरु, कुनै पीडा छैन, कुनै आँशुको थोपा छैन, कुनै पाप छैन र कुनै पराजय छैन, त्यहाँको वातावरण अति नै उत्तम छ । के तपाई कल्पना गर्न सक्नुहुन्छ ? अहँ, सक्नुहुन्न । परमेश्वरले भन्नुहुन्छ कि यो तपाईको कल्पना भन्दा पनि अति उत्तम हुनेछ ।

मलाई बताउनुहोस् १००% नै व्यक्तिहरु जो हामी भन्दा अघि स्वर्गमा छन् । तिनीहरु हामी भन्दा आराममा छन् । यदि तपाईले तिनीहरुलाई मोतीको गेटहरुबाट भित्र छिरिसकेपछि बोलाउनुभयो भने, तिनीहरु त्यही बस्न चाहन्छन् । तपाईको अन्तिम लिईरहनुहुदाँ मेरो महान् दिन आँउदै छ भनी तपाई पुर्ण आत्म विश्वासको साथ भन्न सक्नुहुन्छ ।

## आजको लागि प्रार्थना :

परमेश्वर, एउटा सुन्दर भविष्यको लागि तपाईलाई धन्यवाद छ । म अनन्तताको बारेमा जान्न उत्साहित छु । पिता, तपाईको वचनले मलाई तपाईको आगमण नभएसम्म राज्य विस्तारको काममा व्यस्त हुन हामीलाई भन्दछ । यस संसारमा तपाईको सम्राज्य निर्माणका लागि मैले गर्न सक्ने सबै कुरा गर्न म आफैलाई समर्पित गर्दछु । कसरी एउटा उत्तम कादार हुने भनी मलाई सिकाउनुहोस् देखाउनुहोस् । म प्रार्थना गर्दछु कि स्वर्गमा गएर कुरा गर्न सक्ने खालको एउटा उत्तराधिकार पुर्ण कुरा म त्यहा छोड्न सकुँ ।

## आजको बाईबल खण्ड :

१ कोरिन्थी २:९ तर यसो लेखिएको छ, “आँखाले नदेखेका र कानले नसुनेका र मानिसले मनमा नसोचेका, यी नै कुराहरु परमेश्वरले उहाँलाई प्रेम गर्ने हरुका निम्ति तयार पार्नु भएको छ ।”

१ पत्रुस १ : ४ स्वर्गमा तिमीहरुका निम्ति साँचिराखेको उत्तराधिकार अविनाशी, विशुद्ध र नओइलने किसिमका छन् ।

प्रकाश १४:१३ अनि स्वर्गबाट आएको यस्तो आवाज मैले सुने, “ यो लेख : अब उप्रान्त प्रभुमा मर्नेहरु धन्यका हुन् ।” आत्मा भन्नुहुन्छ “हो, तिनीहरुले आङ्गनो-आङ्गनो परिश्रमबाट आराम पाउनेछन्, किनकि तिनीहरुका काम तिनीहरुका पछि लागनेछन् ।”

## हामी सिध्याउनका लागि मात्र काम गर्दैनौ तर एक असल काम गर्नका लागि गर्दछौ

काम पुरा भएको छ भनी तबसम्म हामी ठान्दैनौ, जबसम्म त्यो राम्ररी गरिदैन । किनभने हाम्रो लक्ष्य भनेको काम गरि सिध्याउने मात्र नभई तर बरु उत्कृष्ट रुपले गर्नु हो । धेरै चोटी काम गरि सिध्याउनुपर्ने दबाबले त्यसको प्रक्रियालाई छाँयामा पारिदिन्छ जसकारण हाम्रो उत्पादनको गुणस्तर हामी गुमाउदछौ । यो प्रशाशनिक र उत्पादनशिलताको प्रक्रियासित मात्र लागुहुने सत्यता नभई, उदाहरणको लागि, तर हाम्रो आत्मिक क्षेत्रहरुमा पनि लागु हुने सत्य कुरा हो । धेरै पटक प्रार्थना, प्रशंसा, बाईबल अध्ययन, मनन् जस्ता आत्मिक कुराहरु चाँडो सकिकन अर्को हातमा भएको कामतिर ध्यान लगाउनुहोस् र एउटा कामलाई राम्ररी सिध्याएर अर्को कामतिर बढ्न आफैलाई उत्साहित गर्नुहोस् । तपाईले आफुलाई बढी सन्तुष्ट, बढी उत्पादनशिल र अन्त्यमा समय पनि बढी बाँकी रहेको पाउनु हुनेछ ।

आजको लागि प्रार्थना :

प्रिय प्रभु, विशेष गरी आत्मिक कुराहरु जसमा संलग्न छु, त्यसमा ध्यान दिन मलाई मदत गर्नुहोस् । म मेरो समय मात्र नभई मेरो मन पनि तपाईमा समर्पित गर्दछु । गर्नका लागि दिनुभएको तपाईको काम पुरा गर्न मलाई मदत गर्नुहोस् साथै उत्तम दौड दौडेर त्यसलाई पुरा गर्न पनि मलाई मदत गर्नुहोस् ।

आजको बाइबल खण्ड :

एफिसी ५:१६समयको पुरा सदुपयोग गर, किनकि दिन खराब छ ।

व्यवस्था ६:५ तिमीहरुले परमप्रभुआङ्गना परमेश्वरलाई आङ्गना सारा हृदयले आङ्गनो सारा प्राणले र आङ्गनो सारा शक्तिले प्रेम गर ।

२ तिमोथी ४:७ मैलेँ उत्तम लडाई लडेको छु । र मैले दौड सिध्याएको छु । मैले विश्वासलाई बाचइराखेको छु ।

## क्षमादान एउटा अधिकार हो अनि पुनः मिलाप चाँहि कर्तव्य हो

जब येशुले उहाँको जीवन कलवरीको क्रुसमा अर्पित गर्नुभयो, उहाँले हामीलाई पापको दासत्वबाट किन्नुभयो र हामीले क्षमादान पायौं । यदि तपाईका इच्छा गर्नुहुन्छ भने, क्षमादान दिनु सही छ । हामीले अरुलाई निरुत्साहित बनाउदाँ पनि, हामीलाई क्षमा दिन तिनीहरुलाई आज्ञा गरिएको छ । अझ बढी भन्दा, बाईबलले हामीलाई बताउदँछ कि यदि हामीले परमेश्वरसित हाम्रा पाप स्वीकार गऱ्यौ भने, उहाँ हाम्रा पापलाई क्षमा गरि दिन हुन विश्वास योग्य हुनुहुन्छ, जसद्धारा क्षमा भोग्नेलाई क्षमादान दिने प्रतिज्ञा गर्नुहुन्छ ।

जब हामी कसैलाई क्षमा दिन्छौ, जुन तिनीहरुको अधिकार पनि हो, जसको अर्थ हामी अब उप्रान्त तिनीहरुको पापको दण्ड पाएको हेर्न इच्छा गर्दैनौ भन्ने हो । हामी त्यस अपराधको बदला प्रतिसोध अथवा प्रतिउत्तर लिनलाई बन्द गर्दछौ । क्षमादान एउटा अधिकार हो । पुनः मिलाप भने चाँहि कर्तव्य हो । तपाई सम्बन्धमा पुर्णरुपमा मिलापमा नआइकन नै कसैलाई क्षमा दिन सक्नुहुन्छ वा कसैबाट क्षमा पाउन सक्नुहुन्छ ? पुनःस्थापनामा प्राय गरि जसले अपराध गरेको छ ऊबाट आउने निसर्थ प्रयासको आवश्यकता पर्दछ । तपाईको सम्बन्धहरुलाई जाँच्नुहोस् । के तपाई पुनः मिलापमा आउनुभएको छ ? यस बारेमा तपाई के गर्न सक्नुहुन्छ ।

आजको लागि प्रार्थना :

स्वर्गिय पिता, अरुहरु जब मेरो विरुद्धमा हुन्छन् तिनीहरुलाई क्षमा दिन अनि मैले तिनीहरुको विरुद्धमा काम गरी क्षमा माग्नुपरेमा र पुनः मिलापको लागि आवश्यक कदमहरु चाल्नुपर्दा मलाई तपाईको अनुग्रह र सामर्थ्य दिनुहोस् । आमेन् ।

आजको बाइबल खण्ड :

१ युहन्ना १:९ यदि हामीले आफ्ना पापहरु स्विकार गऱ्यौं भने उहाले हाम्रो पाप क्षमा गर्नुहुन्छ, र सबै अधर्मबाट हामीलाई शुद्ध पार्नुहुन्छ, किनकि उहाँ विश्वास योग्य र धर्मी हुनुहुन्छ ।

लुका ६:३७ “अरुको न्याय नगर र तिमीहरुको पनि न्याय गरिने छैन । अरुलाई दोषी नठहराओ, र तिमीहरु पनि दोषी ठहरिनेछैनौ । क्षमा गर , र तिमीहरुलाई पनि क्षमा गरिनेछ ।

२ कोरिन्थी ५:२० यस कारण हामी खीष्टका राजदुतहरु हौ, र परमेश्वरले हामीद्धारा अनुरोध गरिरहनुभएकोछ । खीष्टकै पक्षमा हामी तिमीहरुलाई बिन्ती गर्दछौ, कि तिमीहरु परमेश्वरसँग मिलापमा आओ ।

भजनसंग्रह १३३:१ दाज्यु-भाईहरु आपसमा एकतामा बस्नुकति भलो र मनोहर कुरा हुन्छ ।

## यसलाई सरल रुपमा राख्नुहोस्, प्रायः भन्नुहोस् र यसलाई तिब्र काम गर्न दिनुहोस्

एउटा सफल वक्ता हुने मुख्य कुरा भनेको सन्देशलाई सरल बनाउने, त्यसलाई धेरै जसो पुर्ण भनिरहने र यो भित्री चाहनाको शक्तिद्धारा संचार भएको छ भन्ने कुरामा निश्चित गर्ने हो येशु ख्रिष्टको सु-समाचार एउटा विश्वासनियता र ग्रहण योग्य तरिकाले संचार गर्नका लागि हामीलाई बोलाइएको छ ।

जब हामी कसैलाई येशु खीष्टको सु-समाचारको बारेमा बताँउछ वा परमेश्वरको वचनबाट जीवनको एउटा सिद्धान्तको बारेमा बाड्दछौ, हामीले जुन व्यक्तिलाई बताउदछौ, त्यस व्यक्तिले, हामीले जुन व्यक्तिलाई बताउदछौ, त्यस व्यक्तिले पुनः अरुलाई बताउन सक्नुपर्दछ । त्यसकारण, परमेश्वरले भन्नका लागि दिनुभएको कुरा प्रति हामीले गहिरो ध्यान दिनु र तिनीहरु आङ्खना लक्ष्य पुग्ने गरी तिनीहरु त्यस्तो तरिकामा ढाल्न आवश्यक हुन्छ जुनले परमेश्वरको लक्ष्यहरु प्राप्त गर्दछन् र उत्कृष्ट नतिजा दिदँछ । यसको अर्थ हामीले प्रिय मानेर समाती राखेको सत्यता प्रति हामीले ध्यान दिनुपर्दछ र त्यस प्रकारले प्रस्तुत गर्नु पर्दछ कि जसले सुन्छन् त्यसले पुन स्मरण गर्न सकुँन अनि अरुहरुलाई पनि यही सत्यताहरु बताउन सकुँन भन्ने हो ।

आजको लागि प्रार्थना :

प्रिय प्रभु, सु-समाचारको एउटा अरु बढी प्रभावकारी प्रवक्ता हुन मलाई सहायता गर्नुहोस् र सन्देश जतिकै त्यसको प्रभाव पनि महत्वपुर्ण छ भन्ने कुरा बुझ्नमा परिपक्क हुन पनि सहायता गर्नुहोस् । मलाई त्यस्तो किसिमले बोल्न सिकाउनुहोस् कि मेरो श्रोताहरुले त्यसलाई ग्रहण गर्न सकुँन् र त्यही सन्देश अरुहरुलाई पनि तिनीहरुले बताउन सकुँन ।

आजको बाइबल खण्ड :

२ कोरिन्थी ११ :१३ किनकि त्यस्ता मानिसहरु झुटा प्रेरितहरु र छली काम गर्नेहरु हुन् , र खीष्टका प्रेरितहरुको भेष लगाएर हिँड्नेहरु मात्र हुन्

व्यवस्था ६:७-९ ती तिनीहरुले आङ्खना छोराछोरीहरुलाई होसियारीसाथ सिकाओ । घरमा बस्दा, बाटोमा हिड्दा, ढल्केर सुत्दा र उठ्दा तिनको चर्चा गर । ती आङ्खना हातमा चिन्हको लागि कसिराख । ती तिनीहरुको निधारमा बाँधिराख । ती आङ्खना घरकाद्धारको चौकोस र मुल ढोकाहरुमा लेख ।

२ तिमोथी २:२ धेरै जना साक्षीहरुका उपस्थितिमा तिमीले मबाट जे कुरा सुनेका छौ, ती अरुहरुलाई पनि सिकाउन सक्ने विश्वास योग्य मानिसहरुलाई सुम्पिदेऊ ।

## यदि यसले तपाईलाई जलाउने काम गरेन भने, यसले तपाईको श्रोतालाई पनि जलाउने छैन

हाम्रो जीवनकालमा, हामी अति धेरै आदर्श कुराहरु सुन्छौ कथाहरुमा देखि लिएर, भाषाहरुमा, प्रवचनहरुमा, सु-समाचार विश्लेषणहरुमा र यहाँसम्म कि परिवार र साथीहरुसँगको बेकामे बातचितहरुमा पनि सुन्दछौ । शब्दहरु जुनको कुनै साँचो अर्थ छैन, तिनीहरुको भावानात्मक प्रतिक्रिया उस्काउनका लागि होइनन् । आदर्श बातचित अंत पुर्ण हुन्छ जसकारण धेरै पटक मानिसहरु वक्तातिर ध्यान लगाउछन् र आफ्नै मनमा वा कल्पनामा बढी उत्पादनशिल हुन्छन् । यस्तो हुन्छ किनभने जीवनको शक्तिलाई समालिन्छ, न त ती सिकाईन्छ । इतिहासले नै याद राख्ने महान् प्रवक्ताहरु सबैमा एउटा सम्मान कुरो थियो, त्यो हो तिनीहरुको समयको सन्देश प्रतिको भित्री उत्साहपुर्वक एउटा चाहना । चाहे ठुला सैनिक कमाण्डरहरु हुन् कि, विश्वका अगुवाहरु हुन् कि, कविहरु हुन् कि वा रंगमञ्च कर्मीहरु हुन्, तिनीहरुको भित्री चाहले तिनीहरुको क्षेत्रहरुका पुर्ण ध्यान खिचिन लगाइयो र तिनीहरुको निर्णय माग गरियो । तपाई भित्री चाह प्रति टाँसिनुहोस् र यो अरुहरुसित टाँसिनेछ ।

आजको लागि प्रार्थना :

पिता, तपाईको वचनको सत्यता प्रतिको मेरो विश्वासमा नयाँ हुन र भित्री चाह मलाई दिनुहोस् । मेरो आत्मालाई उथुल-पुथुल पार्नुहोस् ताकि म निर्धक्क साथ आत्मा विश्वासपुर्वक तपाईको इच्छाको जलन पुर्ण चाहलाई संचार गर्न सकुँ । येशुको नाँउमा, आमेन् ।

आजको बाइबल खण्ड :

हिब्रु १०:३५ यसकारण आफ्नो भरोसा नत्याग, जसमा ठुलो इनामको प्रतिफल छ ।

लुका ४:३६ तब तिनीहरु सबै छक्क परे, र आपसमा यसो भने,“यो कस्तो वचन हो यिनले त अधिकार र शक्तिसित अशुद्ध आत्माहरुलाई आज्ञा गर्दछन्, र ती निस्कि जान्छन् ।”

मत्ति १२ :३६ म तिनीहरुलाई भन्दछु हरेक व्यर्थको कुरो जो मानिसहरु बोल्दछन्, न्यायको दिनमा तिनीहरुलसे त्यसको लेखा दिनु पर्नेछ ।

## जीवनको ऊर्जामय वस्तुहरुलाई सिकाइदैन तर समालिन्छ

मानिसले सिक्ने तरिकाहरु प्रायः गरि यी वृहत समुहहरुमा विभाजित छन् : सुनाईबाट उत्तम रितिले सिक्नेहरु, गराईबाट उत्तम रितिले सिक्नेहरु, पढाईबाट उत्तम रितिले सिक्नेहरु । निश्चय नै हामीलाई थाहा छ कि त्यही व्यक्तिहरुमा यी मध्ये दुई वा तिनको नै मिश्रण पाइन सक्छ र एउटा तरिका बाट पुर्ण रुपमा सिकाइदैन । साधारणतया जीवनको पाठहरु मध्ये बाट अधिकांश यी शिक्षाको तीन भिन्न गोरेटो मध्ये एकबाट सिकाइन्छ । जेहोस्, जीवनको उर्जामय वस्तुहरुलाई सिकाइदैन तर समातिन्छ । म भनेको ऊर्जामय वस्तुहरुमा परमेश्वरको आत्माको कुराहरु पनि समावेश छन् जुन गहिरोछन् र व्यर्थका शब्दहरुले गर्ने स्थानान्तरण वा कवज भन्दा बढी कपटपुर्ण हुन्छन् । यसकारणले गर्दा हामी जसले सिक्दछौ र ती जसले स्वर्गको राज्यको सिद्धान्तहरु सिकाउदछन्, दुवै जनाले पवित्र आत्माको शक्तिले अभिषिक्त हुनुपर्छ , उहाँ जो आफैमा महान् शिक्षक र सबै सत्यतामा अगुवाई गर्ने व्यक्ति हुनुहुन्छ । पवित्र आत्माको अभिषेकबाट सत्यताको खण्डित ठुलो मात्राको सत्यता हामीमा आँउदछ, प्रकाश ल्याउछ, प्रेरणा दिन्छ र एकै क्षणमा स्त्रीहरु र पुरुषहरुको हृदयलाइ अभिप्रेरित गर्दछ । परमेश्वरसित प्रार्थना गर्नुहोस् कि तपाई र ती जसले तपाईलाई सिकाउनुहुन्छ दुवैलाई जीवनको ऊर्जामय सत्यताहरु प्रकट गर्न आवश्यक अभिषेकले अभिव्यक्त गर्नु भएकोहोस् ।

आजको लागि प्रार्थना :

परमेश्वर, म र मेरो शिक्षक दुवै जनालाई पवित्र आत्माबाटको अभिषेक दिनुहोस् ताकि हामी तपाईको सत्यताको वचनलाई ठीकसित व्याख्या गर्न सकौ ।

आजको बाइबल खण्ड :

१ युहन्ना २:२७ तिमीहरुले उहाँबाट पाएको अभिषेक तिमीहरुमा रहिरहन्छ, र कसैले तिमीहरुलाई सिकाउने आवश्यकता पर्दैन । तर उहाँको अभिषेकले तिमीहरुलाई सबैकुराका विषयमा सिकाउछ, अनि त्यो अभिषेक सत्य छ, त्यो बनावटी होइन । यस अभिषेकले तिमीहरुलाई सिकाए बमोजिम ख्रिष्टमा रहिरहो ।

## प्रतिकार व्यर्थ हो ... तपाई समुहमा विलिन हुनुहुनेछ

परमेश्वरसित एउटा योजना छ, उहाँले त्यसलाई पुरा गर्नुहुनेछ र वर्तमानमा त्यसमा सहभागी हुने तपाईसित मौका छ । यथापि, परमेश्वरको योजनामा समस्त मानवजातीलाई सहभागी गराउने कुरा प्रत्येक विश्वासीको इच्छाको कुरा हो । परमेश्वरले पुरै संसारले खुशीको सु-समाचार सुनेको चाहनुहुन्छ र येशुलाई प्रभु र मुक्तिदाताको रुपमा स्वीकार गरेको चाहनु हुन्छ । उहाँ तपाई गएर अरुहरुलाई तिनीहरुको जीवनको बारेमा उहाँको योजना बताइदिएको चाहनुहुन्छ तर तपाईको जीवनको बारेमा परमेश्वरको योजना तपाई के सोच्नुहुन्छ ? तपाईद्धारा काम गर्ने आशामा परमेश्वर तपाईमा र तपाईमाथि काम गर्ने परमेश्वर दृढ इच्छुक हुनुहुन्छ, तर तपाई कहिल्यै पनि ख्रिष्टको साक्षी हुनलाई नरोजे ता पनि जस्तो सुकै भए पनि परमेश्वर तपाईमा काम गर्न समर्पित हुनुहुन्छ । परमेश्वर तबसम्म प्रत्येक विश्वासीहरुको जीवनमा काम गर्न छोड्नुहुन्न जबसम्म हरेक विश्वासी उहाँको प्रिय पुत्र ख्रिष्टको स्वरुपमा ढालिदैनन् र सिद्ध हुदैनन् । यदि उहाँ नै पुरै अनन्तताको समय लागे ता पनि परमेश्वरले यो गरि छाड्नुहुन्छ तपाईको प्रतिकार व्यर्थ हुने हुदाँ, र प्रक्रिया मात्र लम्बिने हुदाँ किन हामी उहाँसित नै काम नगर्ने ?

आजको लागि प्रार्थना :

प्रिय प्रभु, मद्धारा भएर कामलाई असल बनाउन जसै तपाई ममा र म माथि कार्य गर्नुहुन्छ, मलाई कसरी तपाईसित म काम गर्न सक्दछु भनी देखाउनुहोस् । म पवित्र आत्माको शक्तिलाई इन्कार गर्ने छैन जसले मलाई परिवर्तन गर्नुहुन्छ ।

आजको बाइबल खण्ड :

रोमी ८:२९ जस-जसलाई उहाँले पहिल्यैबाट चुन्नुभएकोछ, उहाँले तिनीहरुलाई आफ्नो पुत्रको रुप समान बनाउनलाई, धेरै भाईहरुमध्ये उहाँचाँहि ज्येष्ठ होऊन् भनेर अघि बाटै नियुक्त गर्नुभयो ।

१युहन्ना ३:२ प्रिय हो, अहिले हामी परमेश्वरका सन्तान हौ, र हामी के हौला, सो अहिलेसम्म प्रकट भएको छैन । यति जान्दछौ कि जब उहाँ प्रकट हुनुहुन्छ तब हामी उहाँसितै हुनेछौ । किनकि उहाँ जस्तो हुनुहुन्छ हामी उहाँलाई त्यस्तै देख्नेछौ ।

२कोरिन्थी ३:१८ हामी सबै घुम्टो हटाइएको मुहारले प्रभुको महिमा प्रतिविम्बित गर्दछौ, अनि एउटा महिमा देखि अर्को महिमातिर उक्लदै उहाँको रुपमा बद्लिदै जान्छौ । परमप्रभुबाट यो आँउछ, जो आत्मा हुनुहुन्छ ।

## हाम्रो उत्पादनले उत्पादन प्रक्रियालाई जोगाई राखोस् भन्ने हाम्रो उद्देश्य हुनुपर्छ

परमेश्वरले जीवनको रचना गर्नु भयो कि हरेक थोकले आफुलाई जस्तै उत्पादन गर्न सकुन् । उत्पतिको पुस्तकबाटको सृष्टिको कथाले सबै जीवको शैलीलाई प्रस्तुत गर्दछ । जब परमेश्वर रुखहरु, वनस्पतिहरु, समुन्द्रका माछाहरु, आकाशका पन्छिहरु, जमिनका पशुहरु र मानव जातीलाई सृष्टि गर्नुभयो उहाँले सबै जीवनमा आफैमा बीऊ होऊन् जसले आफु जस्तै उत्पादन गरुन् भनी आज्ञा गर्नुभयो । जीवनका अरु धेरै पक्षहरुलाई समावेश गर्न धर्मशास्त्र भरी नै यस नियमलाई विस्तारित गर्न सकिन्छ र संभार गरिदै लगेको छ । मित्रताको दैनिक बीउ संकलनले बढी मित्रहरु उत्पादन गर्दछ , र त्यस्तै खराब संगतले असल मानिसहरुको राम्रो नैतिकतालाई खराब बनाईदिन्छ । यसकारण हामीले ती कुराहरुलाई नजिकबाट नियाल्नु पर्छ जुन हाम्रो चारैतिर छन् र हाम्रो जीवनमा व्यवहार गर्दछन् । उदाहरणको लागि यदि हामी सफल हुने, उत्पादनशिल हुने, खुशी हुने वा पवित्र हुने इच्छा गर्दछौ भने हामी ती व्यक्तिहरु जसित यी गुणहरु छन् तिनीहरुसित घुलमिल गर्नुपर्ने हुन्छ । अनि नबिर्सनुहोस् कि, जीवन सबै तपाईको लागि मात्रै होइन, तर अरुहरुका लागि पनि यसलाई लगानी गर्नुहोस् ।

### आजको लागि प्रार्थना :

स्वर्गिय पिता, मेरो जीवनमा तपाईले इच्छा गर्नु भएका सम्बन्धहरु मलाई दिनुहोस् ताकि म अरुहरुबाट पाठ सिक्न सकुँ र आवश्यकतामा परेकाहरुलाई सिकाउन सक्षम बन्न सकुँ । मलाई खराब निर्देशन दिनेहरु र तपाइको वचनको प्रभावमा आउन नदिनेहरुबाट मलाई अलग गर्नुहोस् ।

### आजको बाइबल खण्ड :

१ कोरिन्थी १५:३३ भ्रममा नपर, खराब संगतले राम्रो चरित्रलाई नष्ट पार्छ ।

हितोपदेश १८:२४ धेरै साथीहरु भएको मानिसको पनि सर्वनाश हुन सक्छ, तर कुनै-कुनै मित्रचाहिँ दाज्यू-भाइभन्दा नजीक टाँसिन्छन्छ ।

उत्पति १:११ तब परमेश्वरले भन्नुभयो,“भुमीले वनस्पति, बीऊ हुने बोट-बिरुवाहरु र आङ्घना-आङ्घना किसिमको बीऊ हुने फल हुने फल्ने वृक्षहरु पृथ्वीमा उमारोस् ।” तब त्यस्तै भइहाल्यो ।

# एउटा दर्शनका साथ अगुवाई गर्नुहोस्

जीवनको कुनै समयमा हरेक व्यक्तिले आफैलाई अगुवापनको अवस्थामा पाँउछन् अघिल्लो ड्राइभरको सीटमा बसी कतातिर जाने भनी निर्धारण गर्ने । तपाई आफैलाई मात्रै अगुवाई गर्दै हुनुहुन्छ भने पनि त्यो सत्य छ । कुनै व्यक्तिले लिनु पर्ने दिशाको उत्तम निर्णय गर्नु अघि, पहिले त तिनीहरु कहाँ जादै छन् भनेर नै थाहा पाउनु पर्ने हुन्छ । अगुवापनले एउटा व्यक्तिमा धेरै कुराहरुको माग गर्दछ, ती मध्ये कुनै पनि तिनीहरुले अगुवाई गर्दै गरेको दिशामा विश्वस्त हुनु भन्दा ठुलो छैन । यसकारणले गर्दा नै हामीले जीवनको दुवै पक्ष थाहा गर्नु पर्ने हुन्छ : पहिलो,जीवनको नक्शामा हामी कहाँ छौ भनेर थाहा गर्नु पर्दछ र दोश्रो, हामी कहाँ हुनु पर्दछ भनी थाहा गर्नुपर्दछ । कुनै पनि समय, जस्तै सुकै कठिनाईका बाबजुद, तनाव र दबाब जसको हामी सामना गर्दछौ, हामी त्यही रोकी परमेश्वर तिर सिधा रेखा कोर्न सक्दछौ र जुनले हामी स्प्रष्ट निर्देशन दिनेछ । तपाईको अर्को कदमले तपाईको जीवनको लागि परमेश्वरको योजना अझ नजिक लग्दछ भन्ने विश्वस्त नभएमा अरु अगाडि नबढ्नुहोस् । एउटा दर्शनका साथ अगुवाई गर्नुहोस् ।

आजको लागि प्रार्थना :

पिता, मेरो जीवनको लागि तपाईको दर्शन मलाई दिनुहोस्. र यसलाई स्प्रष्ट गर्नुहोस् ताकि म दृढ रहन सकुँ र यस संसारको मार्गमा नभौतारिउँ भनी म तपाई सित प्रार्थना गर्दछु ।

आजको बाइबल खण्ड :

हितोपदेश २९ :१८ जहाँ दर्शन प्रकाश छैन, त्यहा मानिसहरु भाँडिन्छन् तर त्यो मानिस धन्य हो, जसले व्यवस्था पालन गर्दछ ।

प्रेरित १६:९-१० राती पावललाई एउटा दर्शन भयो-माकेडोनियाको एक जनना मानिस खडा भयो तिनलाइृ बिन्ती गरिरहेको थियो, ‘माकेडोनिया आउनुहोस्, र हामीलाई सहायता गर्नुहोस् ।’ जब तिनले यो दर्शन पाए, तुरुन्तै हामी माकेडोनिया जान तयार भयौ । हामीले यो निश्चय गऱ्यौ, कि तिनीहरुलाई सु-समाचार प्रचार गर्न परमेश्वरले हामीलाई बोलाउनु भएको रहेछ ।

हबकुक २:२ तब परमप्रभुले मलाई भन्नु भयो,“तैँले यो प्रकाश पाटीहरुमा प्रष्ट गरी लेख, र सु-समाचार वाहक त्यस् सित दौडन सकोस् ।

## कहिल्यै जीवनको सकारात्मक पहुँको शक्तिलाई वेवास्ता नगर्नुहोस्

त्यहा एउटा पुरानो भनाई छ जुनले यसरी भन्दछ तपाईले म गर्न सक्छु वा म गर्न सक्दिन भनी जे भनेता पनि तपाईले सम्भवत् : ठिकै भन्नुभयो । "जीवन पनि यही तरिकाले काम गर्दछ । किन ? किनभने परमेश्वरले जस्तो तपाई सोच्नुहुन्छ, जस्तो तपाई बोल्नुहुन्छ र जस्तो तपाई विश्वास गर्नुहुन्छ त्यस्तै प्रतिक्रिया दिने प्रकारले जीवनलाई बनाउनु भएको छ । मेरो जीवन काल भरीनै, साधारण तया ति जो आशावादी छन् तिनीहरु, ती जो निराशावादी छन्, तिनीहरु भन्दा बढी फाइदाहरु भएको मैले देखेको छु । निराशपनले प्रायः जसो तनाव र असुरक्षालाई जन्माउदछ । मानिसले समस्यालाई निम्त्याउँदा र अनिष्टकार्य कल्पना गर्दा, तिनीहरु भयमा, चिन्तामा र बेचैनतामा जीउनकालागि छाडिन्छन् जुन वास्तवमा कहिल्यै घट्दैनन् अर्को तिर ती जो जीवनलाई बढी आशाका साथ लिन्छन्, कष्टको बेलामा पनि तिनीहरुसित आनन्द, शान्ति र धैर्यता हुन्छ । तपाई किन विश्वास गर्नुहुन्छ ? तपाई कुन कुरा स्वीकार गर्नुहुन्छ र तपाइृको जीवनलाई कसरी अघि बढाउनुहुन्छ ?

आजको लागि प्रार्थना :

प्रभु, म मेरो भविष्य र अरुहरुका बारेमा उत्तम सोच्न विश्वास गर्न र बोल्न पुरा कोशिस गर्नेछु । मलाई येशुको नाँउमा सहायता गर्नुहोस्, आमेन् ।

आजको बाइबल खण्ड :

फिलिप्पी ४:८ अन्तमा भाई हो, जे सत्य छ, जे कुरा आदरणिय छ, जे कुरा न्याय संगत छ, जे कुरा अशुद्ध छ, जे कुरा प्रेम योग्य छ , जे कुरा कृपामय छ, यदि केहि श्रेष्ठता, प्रशंशाको योग्य केहि छ भने यी नै कुराका विचार गर ।

हितोपदेश १८:२१ जीवन र मृत्युको शक्ति जीब्रोमा हुन्छ, त्यसलाई प्रेम गर्नेहरुले त्यसका फल खानु पर्छ ।

हितोपदेश ६:२ यदि आङ्खनो प्रतिज्ञाको वचनले तँ फसिस्, र आङ्खनै मुखको वचनले पासोमा परिस् भने,

## आजैबाट तपाईको इतिहास कोर्न शुरु तपाईले गर्न सक्नुहुन्छ

प्रेरित पावलले दमस्कसको बाटोमा बातचितको अनुभव गर्नु भन्दा पुर्व, अनि ती जसले येशु नै खीष्टहुन् भनी विश्वास गर्नेहरुलाई सतावट दिने व्यक्तिको रुपमा प्रख्यात थिए । त्यस दिन बाट अर्को जीवन बद्लियो र उनले नयाँ इतिहास कोर्न थाले । हामी हरेक सित हामीले चाहेको बेला जीवनको एउटा अभ्यास सुरु गर्ने त्यही मौका छ । हाम्रो प्रत्येक निर्णयद्धारा हामी कथा लेख्दै हुन्छौ । जुन एक दिन अरुहरुले हाम्रो बाटोमा भन्ने छन् । कस्तो इतिहासको रुपमा तपाईलाई सम्झन चाहनु हुन्छ भन्ने विचार गरे आजै तपाईको एउटा नयाँ यात्रा थाल्नुहोस् । त्यस्तो छनोट गर्नुहोस् जुनले तपाईले इच्छा गर्नु भएको अनुरुपको जीवनको गुणस्तर र चरित्रमा निश्चित गराउँछ र प्रत्येक निर्णयहरुले तपाईको जीवनको इतिहासमा पन्ना थप गराँउछ ।

आजको लागि प्रार्थना :

स्वर्गिय पिता, तपाईको वचन अनुसार मेरो छवी बनाउनका लागि म इच्छा गर्दछु । येशुको विश्वासको चरित्रको गुणसित मिल्ने प्रत्येक निर्णय गर्न मलाई सहायत गर्नुहोस् । म चुक्दा, कृपया मलाई क्षमा गर्नुहोस् अनि मलाई उठाउनुहोस् र ताजा हुन सहायता गर्नुहोस्  । म पुरानो कुरालाई बिर्सने इच्छा गर्दछु र खिष्टमा भएको मेरो महान् बोलावटमा निशानातिर अघि बढ्नको लागि नयाँ पनलाई अगाल्न म इच्छा गर्दछु ।

आजको बाइबल खण्ड :

हितोपदेश २२ :१ धेरै धन सम्पति भन्दा असल नाँउ रोज्नु वाञ्छनिय हुन्छ, सम्मानित हुनु चाँदि वा सुन भन्दा उत्तम हो ।

फिलिप्पी ३:१३ भाई हो, मैले यी सब पक्रिसकेको छु भनी ठान्दिन तर म एउटा काम गर्दछु, कि पछाडिका कुराहरु बिर्सेर र अगाडिका कुराहरु तिर जोडसँग लम्कदै ।

यशैया ४३:१८-१९ “बितेका कुराहरुलाई भुल, उहिलेका कुराहरुलाई विचार नगर । हेर, म एउटा नयाँ कुरा गर्दैछु  ! त्यो अब हुन आँउछ । के तिमीहरु त्यो देख्दैनौ ? म मरुभुमीमा एउटा बाटो र रुखो जमिनमा खोलाहरु बनाउदै छु ।”

## जहाँ श्रोतहरु बाडिएको हुन्छ, त्यहा अवश्य पनि, जिम्मेवारी बाँडिनु पर्छ

धेरै वर्ष अघि हामीले रसियामा सुरु गरेको एउटा नयाँ मण्डलीको लागि एउटा भवन खरिद गऱ्यौ । मस्कोबाट लगभग ५०० माइलस् उत्तर पुर्व तिर अवस्थित यस मण्डलीको वातावरण जाडो याममा उत्तर तिर परेको हिँउले जमाइदिने चिसोका कारण अति कठोर हुन्छ । यस भर्खरै खरिद गरिएको भवनमा एउटा तेलद्धारा तताउने प्रविधि जडान थियो । तेल एउटा ट्याङकीबाट विछ्याइएको पाइपहरुबाट ल्याइएको थियो, र जसबाट वरिपरिका अरु भवनहरुमका पनि लगिएको थियो । यो एक - आपसमा बाँडिएको श्रोत हाम्रो लागि ठुलो फाइदाको भएको भएता पनि, जस विना विश्वासीहरु भवनमा बस्न सक्दैन थिए, यो सित्तैमा दिइएको थिएन, कुनै एकले कल्पना गरि नसक्ने जस्तो, यो बाँडिएको श्रोत हामीलसे प्रयोग गरेको तेलको पैसा तिर्नु पर्ने जिम्मेवारी बाँडिएको जिम्मेवारीका साथ आयो, साथै प्रविधीलाई पनि ठिक गर्नु पर्ने जिम्मेवारी पनि थियो । परमेश्वरको राज्यबाट हरेकले पाउने फाइदाहरुमा पनि यही कुरा लागु हुन्छ र मण्डलीमा पनि... हामी प्रत्येक आवश्यक पैसा कर्मचारी र परमेश्वरको कामको लागि सहायता जुटाउन गर्नु पर्ने मदतको जिम्मेवारीलाई बाँडचुड गर्दछौ, यो हामी उहाँको ईश्वरीय अनुग्रहद्धारा बचाइएको कारणले गर्दा गर्दछौ । के तपाईको भुमीका तपाई निभाउदै हुनुहुन्छ ?

आजको लागि प्रार्थना :

परमेश्वर, म आफ्नो भुमिका निभाउन चाहन्छु । मेरो प्राण बचाउनका लागि येशुलाई पठाउनु भएको लागि र साथै अरुहरुलाई पनि मलाई सिकाउन र मसित जीवन बाँडचुड गर्नका लागि पठाउनु भएको लागि तपाईलाई धन्यवाद छ । मलाई आफ्नो कर्तव्य निर्वाह गर्ने एउटा जिम्मेवार व्यक्ति हुन येशुको नाँउमा सहायता गर्नुहोस् ।

आजको बाइबल खण्ड :

२ कोरिन्थी ८:११-१५ इच्छा गर्नमा तिमीहरुको जुन तत्परता थियो त्यसै मुताविक आफ्नो औकात अनुसार दिएर यस कामलाई पुरा गर । किनभने दिने तत्परता छ भने मानिससित भए अनुसारको दान नै ग्रहण योग्य हुन्छ, नभए अनुसारको होइन । तिमीहरुलाई भार होस् र अरुलाई हल्का होस् भनेर मैले यो भनेको होइन, तर सम्मानताको हिसाबले यस वर्तमान समयमा तिमीहरुको प्रशस्तताबाट तिमीहरुको अभाव पुराहोस्, र तिमीहरुको प्रशस्तताले तिनीहरुको अभाव पुरा गरिदिओस् । यसरी सबैमा समानताहोस्, जसो लेखिएको छ, “धेरै बटुल्नेसित बढी केहि रहेन, र कम बटुल्नेहरुलाई अभाव भएन ।”

## खीष्टीयन भनेको के हो ?

कोही खिष्टियन हो भनेर तपाई कसरी थाहा पाउनु हुन्छ ? के यो तिनीहरुले विश्वास, रिती,एउटा व्यवस्थित मण्डलीको सिद्धान्त पछ्याएको कारण, क्याथोलिक, व्याप्टिष्ट, मेथोडिष्ट, एसेम्ली अफ गड, प्रेस्वेरिटेन, लुथरन्, ग्रीक अर्थोडक्स, अर्मेनियन, वा केहि अन्तर सम्प्रदायिक समुह भएको कारणले गर्दा उनीहरु खिष्टियन हुन् भनी थाहा गर्नु हुन्छ ? सम्भवत् केहि मानिसहरुको दावी छ कि खिष्टियन पैतृकबाट, संस्कृतीबाट रितिरिवाजबाट, प्रचलन वा जातित्वबाट तुसाएको हो । जे होस् सत्यता यही हो कि “खीष्टीयन” भनेको खीष्ट जस्तै हुनु हो । खीष्टको अनुयायी⁄ चेला हुनु हो । बाइबलले भन्दछ कि विश्वासीहरुलाई सर्वप्रथम एन्टिओखियामा खिष्टीयन भनी बोलाइयो येशुको मृत्यु पछिको धेरै समयपछि र पहिलो मण्डलीको जन्म पछिको धेरै समय पछि । त्यहा हाम्रो ध्यान खिँच्ने कुनै एउटा प्रवृत्ति छ भन्ने भान हुन्छ । खीष्टीयन नाम अंकित हुनु पुर्व, येशु खीष्ट हुनुहुन्छ, अभिषिक्त जन भन्ने कुराको विश्वासी मानिसहरु भनी पहिले चिनीयो । आज पनि त्यही कुरा हो र सदाको लागि पनि त्यही लागु हुन्छ । एउटा व्यक्ति खिष्टीयन परिवारमा जन्मेको हुदाँ, खिष्टीयन रितिस्थिति अपनाएको हुदाँ, केहि प्रचलनलाई पछ्याएको हुदाँ वा कुनै मण्डलीमा गएको कारण मात्रले खिष्टीयन हुदैनन् । येशुको अनुयायी हुनको लागि, पहिला त तिनीहरु  विश्वासी हुनु पर्दछ यसको लागि व्यक्तिगत र साँचो विश्वास चाहिन्छ र जुनले पछिबाट हामी उहाँको हौं भन्ने हाम्रो विश्वासको घोषणाको माग गर्दछ । के तपाई खिष्टीयन हो ?

आजको लागि प्रार्थना :

प्रिय प्रभु, म नासरतका येशु तपाईको पुत्र अनि मेरो मुक्तिदाता हुनुहुन्छ भनी विश्वास गर्दछु । मैले उहाँलाई मेरो प्रभुको रुपमा स्वीकार गरेको छु र मेरो जीवन व्यवहारमा दैनिक रुपमा उहाँ वचन पछ्याउनलाई म रोज्दछु । म प्रार्थना गर्दछु कि अरुहरुले ममा खीष्टदेखुन् ।

आजको बाईबल खण्ड :

प्रेरित ११:२६ जब तिनले उनलाई भेट्टाए तब उनलाई एन्टिओखियामा ल्याए । तब पुरा एक वर्षसम्म मण्डलीका मानिसहरुसँग भेटघाट गरिरहे, र मानिसहरुको ठुलो समुहलाई शिक्षा दिए । चेलाहरु पहिलो पटक एन्टिओखियामा नै खीष्टियन भनिए ।

रोमी १० :९-१० किनकि तिमीले येशुलाई प्रभु हो भनी आङ्खनो मुखले स्वीकार गर्‍यौ, र परमेश्वरले उहाँलाई मरेकाहरुबाट जीवित पार्नु भयो भनी आङ्खनो हृदयमा विश्वास गर्‍यौ भने तिम्रो उद्धार हुनेछ ।

## किनकि मानिसले आफ्नो हृदयले विश्वास गर्छ र उ निर्दोष ठहरिन्छ, अनि उसले आफ्नो मुखले स्वीकार गर्छ र उद्धार पाँउछ

के तपाई खीष्टियन हुनको लागि यहुदी नै हुनु पर्छ र ? यो त्यही प्रश्न हो जुन प्रेरितहरुले यरुशलेहममा भएको पहिलो मण्डलीमाझ उठाएका थिए । प्रेरित १५ अध्यायले याकुबको निर्णय र भनाईहरुलाई रेकर्ड गर्दछ जो त्यस मण्डलीको पाष्टर र येशुको अर्ध भाई थिए । येशु नै खीष्टहुन् भनी विश्वास गरी विश्वासी हुनको लागि कसैलाई पनि यहुदी हुनु पर्दैन भनी निर्णय गरीयो । हामी हाल भने यो प्रश्न सुन्न सकिन्न , तर हाम्रो समयमा यस्तै समान प्रश्नहरु धेरै सामना गर्दछौ । धेरै मण्डली सम्प्रदायहरु माग गर्दछन् कि एक व्यक्ति जसले विश्वास गरेको छ, तिनीहरुको विश्वासको खास सिद्धान्तलाई स्वीकार गर्नु पर्दछ र परमेश्वरको राज्यको फाइदाहरुको एउटा साँचो विश्वासीको अधिकारको रुपमा उठाउने, विश्वासीको रुपमा ग्रहण गरिनु पुर्व, त्यस खास सम्प्रदायले विश्वास गरेको सिद्धान्त अभ्यास गर्नु आवश्यक हुदछ । मेरो मित्र यो झुठो हो र मुक्ति पाउने कुराको लागि यसलाई अगाँल्नु हुदैन । यद्दपि पुनःजन्म पाएका विश्वासीहरुले आफुसित मिल्ने विश्वास, सिद्धान्त, अभ्यास र स्वीकार गरेका अन्य विश्वासीहरुसित संगती र आरधना गर्नु कारक संगत हुन्छ । परमेश्वरलाई इच्छा भए अनुसार तपाईलाई मण्डलीको स्थानमा राख्न दिनुहोस् तर मानिसलाई खुशी पार्ने हिसाबले होइन, र अरु विश्वासीलाई सम्मान अधिकार र व्यवहार गर्नु पर्दछ ।

आजको लागि प्रार्थना :

पिता, सर्व प्रथम म तपाईमा समर्पित विश्वासी हुँ भनी सम्झना र म मेरो जीवनभरिनै तपाईको इच्छा अनुरुपको स्थानमा सेवा गर्न बोलाइएको हु भनी सम्झन सहायता गर्नुहोस् । तपाईले बोलाउनु भएका अरुहरु जो म जस्तो दुष्टता छैन तिनीहरुलाई स्विकार्न अनुग्रह र ज्ञान दिनुहोस् । तर्पाईको योजनामा सबै जना भएको कारणले गर्दा मलाई न्यायी, जटिल र निषेध हुनबाट जोगाउनुहोस् ।

आजको बाइबल खण्ड :

युहन्ना १०:१६ मेरा अरु भेँडा छन्, जो यस गोठका होइनन् । तिनीहरु पनि मैले ल्याउनु परेको छ, र तिनीहरुले मेरो स्वर सुन्नेछन् र तिनीहरु एउटै बगाल हुनेछन्, र एउटे गोठालो हुनेछ ।

प्रेरित १५:१९-२० तर कुनै-कुनै यहुदीहरु एन्टिओखिया र आइकोनियनबाट त्यहा आईपुगे र भीडलाई मनाएर पावललाई ढुङ्गा बर्साइ र तिनी मरे होलान् भन्ठानेर शहर देखि बाहिर घिस्याएर लगे । तर जब चेलाहरु तिनको वरिपरि उभिए तिनी उठे, अनि शहर भित्र पसे, र भोलिपल्ट बरनबाससँग निस्केर डर्बीमा गए ।

१कोरिन्थी १२:१८ तर परमेश्वरले आफ्नो इच्छा बमोजिम शरिरमा हरेक अंग मिलाएर राखि दिनुभएको छ ।

# जीवन एउटा परिक्षा हो, उत्तीर्ण हुनुहोस् -किनभने यो एउटा खुल्ला राखिएको जाँचको किताब हो

जीवनको सबै भन्दा कठिन परिक्षाहरु र आपत्-विपत्हरु बाइबलमा दिइएकोछ । धेरै चोटी हामीलाई लाग्छ कि हामीले सामना गर्नु परेका परिस्थितिहरु र अवस्थाहरुद्धारा हामी जाँचिएका छौ । समय - समयमा जीवन कठिन हुन पुग्दछ र हामी मध्ये जाँच दिने कुराहरुमा स्वतः राम्रो छैनौ ।

खुशीको खबर । हामीले सामना गर्नु पर्ने जाँचहरु उत्तर बिनाका भने होइनन् । यी उत्तरहरु परमेश्वरको वचनमा लेखिएको छ । प्रत्येक जाँच एउटा खुल्ला राखिएको जाँचको किताब मात्र नभई, तर हाम्रो शिक्षकहरुसित र अरुहरु जसले पहिलेबाट नै यो परिक्षा दिइसकेका छन् र तिनीहरुले पनि प्रश्न सोध्न र उत्तर पाउन हामीलाई उत्साहित गरेका छन् । खिन्न नहुनुहोस् । यदि यस पटक हामीले यस परिक्षा पास नगरेता पनि, हामी सित अर्को पनि अवसर छ । किताब खोल्नुहोस् !

आजको लागि प्रार्थना :

पिता, मैले तपाईको वचनबाट जाने कि खराबी गर्न तपाई आफ्ना सन्तानलाई जाँच गर्नुहुन्न मैले पाएको खराबीको कारक तपाई हुनुहुन्न भनी मलाई थाहा छ ... तपाई नै मेरो सबै समस्याहरुका उत्तर हुनु हुन्छ । मलाई तपाईको वचन सिकाउनुहोस् र अरुहरुका जीवनका आपत्विपत्हरुमा तिनीहरुलाई सहायता गर्ने मौका पनि मलाई दिनुहोस् । बाइबल दिनु भएकोलागि तपाईलाई धन्यवाद ।

आजको बाइबल खण्ड :

२ तिमोथी ३:१६-१७ सम्पुर्ण पवित्र शास्त्र परमेश्वरको प्रेरणाबाट भएको हो, र यो सिकाउनलाई, अर्ती दिनलाई, सच्याउनलाई, धार्मिकतामा तालिम दिनलाई लाभ दायक हुन्छ । ताकी परमेश्वरको जन हरेक सुकर्ममा पुर्ण रुपमा सु-सज्जित भई सिद्ध भएकोहोस् ।

याकुब १:१३ कसैले पनि यसो नभनोस् उ परीक्षा हुदाँ , “म परमेश्वरद्धारा परिक्षित भएको छु”, किनकी खराबकामद्धारा परमेश्वरको परीक्षा हुन सक्दैन, र उहाँ आफैले कसैलाई परिक्षा गर्नुहुन्न ।

# येशु खीष्टलाई प्रसन्न गर्न तपाई म जस्तै हुनु पर्छ भन्ने छैन, तर यो कुरा निश्चित रुपमा हो कि तपाई आफु जस्तै भन्दा पुर्ण रुपमा फरक हुनु पर्दछ

तपाई जस्तो हुनु हुन्छ त्यस्तैमा परमेश्वरले तपाईलाई अति धेरै प्रेम गर्नुहुन्छ । यस कारणले गर्दा उहाँले मलाई यी भक्तिमय मनन् गर्ने पाठहरु लेख्न र उहाँले मलाई दिनु भएको जीवनको सिद्धान्तहरु बाँड्नलाई प्रेरणा दिनु भएकोछ । मलाई लाग्यो कि मेरा आफ्नै धेरै अनुभवहरु र व्यक्तिगत विश्वासहरुलाई बाँड्दा, मसित जीवन माथि केहि अधिकार छ अरुहरु पनि अरु बढी म जस्तै हुनु पर्छ भन्ने भान हुन्छ । प्रत्येक प्रश्नको उत्तरहरु मसित छैन, मेरो पत्यार गर्नुहेस्, तर मलाई कोसित उत्तरहरु छन् भनी थाहा छ । नत म यो नै सोच्दछु कि म जस्तै हुनका, मसित पनि भएको जीवनको समस्याहरु र उल्झनरु देखि हरेकका समस्या समधान हुन्छ । येशु खीष्टजस्तै हुनका लागि तपाई म जस्तै हुनपर्दैन, तर तपाई जस्तो हुनुहुन्छ त्यस भन्दा चाँहि पुर्ण रुपमा फरक हुनु पर्दछ । किन ? किनभने हामी कुमालेको हातमा भएको माटो झै परमेश्वरको हातमा भएको माटो हामी हौ । र उहाँले आफ्नो इच्छा बमोजिम हामीलाई आकार दिनु भई येशुलाई प्रसन्न गर्ने र उहाँ जस्तै हुने क्षमताका साथ ढाल्नु हुन्छ आफैलाई कुमालेको काममा समर्पित गर्नुहोस् जसै तपाई यी भक्तिमय मनन् पाठहरुलाई हेर्नुहुन्छ उहाँ नै हुनुहुन्छ जो वास्तवमा नै तपाईसित बोल्दै हुनुहुन्छ । त्यो स्वर भित्रको आवाजलाई सुन्नुहोस् र आजै परिवर्तन हुनुहोस् ।

## आजको लागि प्रार्थना :

प्रिय प्रभु, म अरु येशु जस्तै हुन चाहन्छु र मलाई तपाईको सहायता चाहिन्छ । मेरो जीवनमा मैले परिवर्तन गर्नु पर्ने कुराहरु मलाई देखाउनुहोस् र तपाईको हातको माटो मलाई बनाउनुहोस् ।

## आजको बाइबल खण्ड :

यशैया ६४:८ तापनि अब हे परमप्रभु, तपाई हाम्रा पिता हुनुहुन्छ हामी माटो हौ, र तपाईचाँहि कुमाले हुनुहुन्छ । हामी सबै तपाईका हातका कार्यहरु हौँ ।

यर्मिया १८:६“हे इस्राएलको घराना, यस कुमालेले जे गरे झै के म तलाई पनि गर्न सक्दिन र ?” परमप्रभु भन्नुहुन्छ । “ हे इस्राएलको घराना, कुमालेको हातमा माटो भएझै तँ पनि मेरो हातमा छस् ।

## परमेश्वरको राज्यको सफलता चार समुह मानिसहरुमाथि निर्भर छ : जान्ने मानिस, बस्ने मानिस, प्रार्थना गर्ने मानिस, र दिने मानिस

सैनिक कुनै निश्चित तत्वहरुमा निर्भर रहन्छन् । पहिलो, ती जो युद्धमा जान युद्ध भुमीमा शत्रुहरुलाई सामना गर्न इच्छुक र समर्पित हुन्छन् । दोश्रो, ती जो युद्धमा नगई आफ्नै स्थानमा बस्ने, देशको नागरिक र सम्पतिको सुरक्षा गर्नु पर्ने दायित्व हुन्छ । तेश्रो ती हुन् जो अरुलाई मुख्य सैनिक कमाण्डर र विभिन्न अरु समुहहरु बिच सञ्चार गर्ने तालिम दिइरहेको हुन्छ । सञ्चार निर्देशन प्राप्त गर्न, आवश्यक सामाग्री ढुवानी गर्न, र ताजा हाल खबर थाहा गर्नको लागि महत्वपुर्ण हुन्छ । अन्तिम तर उत्तिकै महत्वको अर्को समुह ती हुन् जोहरु प्रायः प्रत्यक्ष देख्न सकिनन् तर जस बिना सैनिकहरुको अस्तित्व नै हुदैन । ती अरु कोहि नभई देशका नागरिकहरु हुन् जो दैनिक रुपमा आय आर्जन गर्न जान्छन् र कर तिर्छन् र देश अनि बाहिर युद्ध मैदानमा भएका सैनिकहरुलाई आर्थिक सहायता गर्छन् । परमेश्वर राज्य र हरेक स्थानिय मण्डली पनि त्यो भन्दा फरक होइन । हरेकलाई तिनीहरुको मिशन पुरा गर्न जाने मानिस, बस्ने मानिस, प्रार्थना गर्ने मानिस र दिने मानिसको आवश्यकता पर्दछ । तपाईको इच्छा र समपर्ण कहा छ ? परमेश्वरले तपाईलाई के हुनलाई बोलाउनु भएको छ ?

आजको लागि प्रार्थना :

परमेश्वर, म तपाईको राज्यमा र मेरो मण्डलीको एक महत्वपुर्ण व्यक्ति हुन चाहन्छु । मलाई थाहा छ कि मलाई तपाईले उद्देश्य पुर्वक बनाउनु भएकोछ र कुनै एक निश्चित उद्देश्य पुर्ती गर्न मलाई तयार गर्नु भएकोछ । मेरो स्थान मलाई देखाउनुहोस् र मेरो काम गर्न म समर्पित हुनेछु । धन्यवाद ।

आजको बाइबल खण्ड :

१ कोरिन्थी १२:१२,१४, १८-२० किनकी जस्तो शरीर एक छ, र त्यसका धेरै अंगहरु हुन्छन्, र शरीरका सम्पुर्ण अंगहरु धेरै भएता पनि शरीर चाँहि एउटै हुन्छ । खीष्टपनि त्यस्तै हुनुहुन्छ । किनकि शरीर एउटै अंगबाट मात्र होइन तर धेरै अंगहरुबाट बनाएको हुन्छ । तर परमेश्वरले आफ्नो इच्छा बमोजिम शरीरमा हरेक अंग मिलाएर राख्नु भएकोछ । यदि ती जम्मै एउटै अंग हुँदा हुन् त शरीर कहाँ हुने ? तर अंगहरु धेरै छन्, तापनि शरीर चाँहि एउटै छ ।

## सु-समाचार के गर्ने र के नगर्नेमा आधारित नभई तर बरु .... के गरियो भने कुरामा आधारित छ

मोशाको व्यवस्था जीवनको लागि दिइएको निर्देशनहरु, नियम कानुनहरु, इच्छा लागेमा के गर्ने र के नगर्नेमा आधारित थियो । एक दिन तपाई परमेश्वरबाट ग्रहण गरि सक्नुहुन्छ भने अर्को दिन तिरस्कार हुन सक्नुहुन्छ । व्यवस्थाले प्रमाणित गर्ने, न्याय गर्ने र दण्ड दिनेको माग गर्दछ । व्यवस्थाको अधिनमा, कुनै मानिस पनि धर्मी थिएन र सबै अपराधी थिए ।

यद्दपि सु-समाचारले भने एउटा पृथक चित्र कोर्दछ । जब परमेश्वरको पुत्रले सबै मानिसका लागि उहाँ प्राण अर्पित गर्नुभयो त्यहाँ बद्लावत आयो । मानवजाति पुनःमिलापमा आए र परमेश्वरको अनुग्रहको छाता मुनि आए । व्यवस्था शान्त भयो, न्याय भयो र जरिवाना तिरियो हामी अब प्रान्त के गर्ने र नगर्नेद्धारा परमेश्वरको पहुँचमा पुग्ने भन्ने नभई, तर बरु “गरिएको” निश्चित कामद्धारा उहाँको पहुँचमा आउन सकियो येशुले त्यो गर्नुभयो, यो गरि सकियो, यो समाप्त भयो र हामी, विश्वासद्धारा, त्यस समाप्त भएको कामको भागिदार भयौ । उहाँद्धारा स्वीकाररिनको लागि हामी परमेश्वरको नियम कानुन पालना गर्दैनौ वा बरु हामी उहाँद्धारा स्वीकार गरिएको भएर हामी उहाँको इच्छा पुरा गर्दछौं ।

<u>आजको लागि प्रार्थना :</u>

पिता, तपाईको पुत्र येशुलाई मेरो मुक्तिदाताको रुपमा म स्वीकार गर्दछु र मेरो जीवनको सिंहासनमा उहाँलाई राख्दछु । म उहाँद्धारा सकिएको काममाथि विश्वास गरी मेरो जीवन जिउने इच्छा गर्दछु । आमेन् ।

<u>आजको बाइबल खण्ड :</u>

रोमी ३:२०-२२ यसैकारण व्यवस्थाको कर्मले कोही प्राणी उहाँको दृष्टिमा धर्मी ठहरिनेछैन, किनकि व्यवस्थाद्धारा नै पापको चेतना हुन्छ । तर अब त व्यवस्था विनै परमेश्वरबाट आउने धार्मिकता प्रकट भएको छ त्यसैको गवाही व्यवस्था र अगमवक्ताहरुले दिएका छन् । येशु ख्रिष्टमा विश्वास गर्ने सबै माथि परमेश्वरको धार्मिकता विश्वासद्धारा प्रकट भएको छ । किनभने केहि भेद छैन ।

रोमी २:२० म खीष्टसँगै क्रुसमा टाँगिएको छु, अब उप्रान्त जिउने म होइन तर खीष्ट ममा जीउनु हुन्छ । जुन जीवन शरीरमा म अहिले जिँउछु, त्यो परमेश्वरका पुत्रमा विश्वास गरेर जिउँछु जसले मलाई प्रेम गर्नुभयो र मेरो निम्ति आफुलाई अपर्ण गर्नुभयो ।

# तपाईले बाहेक अरु कसैले त्यो काम गर्न सक्दैन

प्राय जब परमेश्वरले तपाइसित बोल्नुहुन्छ, यो यसकारण हो कि उहाँ तपाईद्धारा भएर काम पूरा गर्न चाहानुहुन्छ र त्यो कामको भार अरुहरुलाई सुम्पिदा सधैं काम पूरा हुन्छ भन्ने छैन । २ राजाहरु ४ अध्यायमा दिइएको एलिशा र शुनम्मी स्त्रीको कथालाई नै लिऔं । उनको छोरा बिरामी पर्छन् र अचानक मर्दछन् । उनी अगमवक्ताकहाँ जान्छिन् र आफ्नो समस्याको बारेमा उनलाई बताउँछन् । अति नै धेरै वास्ता गरी, एलिसाले त्यस केटामाथि आफ्नो लौरो राखी मृत्युबाट व्युँताउन आफ्ना दासलाई पठाउँछन् । तथापि जब एलिसाको दास फर्कन्छन्, त्यस बालकमा केही पनि परिवर्तन ल्याउन सकिएन भनी भन्दछन् ।

त्यसबेला नै एलिसा आफै त्यहाँ जान्छन् र केटोमाथि आफ्नो शरीर राख्दछन् र परमेश्वरले अन्ततः केटोलाई जीवन दिनुहुन्छ । एलिसाले पठाएका व्यक्तिबाट, किन यो आश्चर्यकर्म हुन सकेन ? किन भनेर मलाई थाहा छैन, तर मलाई थाहा छ । कहिलेकाही केही कुराले पनि काम गर्दैन किनभने तपाई बाहेक अरुले त्यो काम गर्न सक्दैन ।

## आजको प्रार्थना

स्वर्गीय पिता, तपाई मसित बोल्नुभएको र मेरो आफ्नै हातबाट र अरुहरु जसलाई तपाईको काम गर्नलाई दिइएको छ, तिनीहरुबाट काम गर्नुभएको होस् भनी म इच्छा गर्दछु । मलाई कुन आश्चर्यको काम आफैले गर्नुपर्दछ र कुनचाँहि गर्नका लागि अरुहरुलाई दिनुपर्छ भनी सिकाउनुहोस् । प्रभु तपाईलाई धन्यबाद, आमेन् ।

## आजको बाइबल खण्ड :

२ राजा ४:३१-३५ गेहजीले चाहि तिनीहरुका अगि आएर त्यो लहुरो त्यस ठिटाको मुखमा राखिदियो, तर कुनै प्रतिक्रिया आएन । यसैकारण एलिसालाई भेट गर्न गेहजी फर्किगयो र तिनलाई भन्यो, " त्यो केटो त जागेन ।" जब एलिसा घरमा पुगे, तब तिनले आफ्नो ओछ्यानमा राखिएको त्यस ठिटालाई मरिसकेको भेट्टाए । तिनी कोठाभित्र पसे र ती दुईमात्र भित्र गएर तिनले कोठाको ढोका थुने र परमप्रभुलाई प्रार्थना गरे । त्यसपछि ओछ्यानमाथि चढेर आफ्ना मुख त्यसका मुखमा, आफ्ना आँखा त्यसका आँखामा, र आफ्ना हात त्यसका हातमा राखेर तिनी त्यस बालकमाथि लमतन्न पस्रिए । जब तिनी त्यस बालकमाथि लमतन्न परे, तब त्यस बालकको शरीर तातो हुँदैगयो । एलिसा उठे, र कोठाभित्र यताउता हिंडे, र फेरि एकपल्ट ओछ्यानमा चढेर तिनी त्यसमाथि लमतन्न परे । तब त्यस ठिटोले सात खेप छिँउँ काड्यो र आँखा खोल्यो

## यदि तपाईले कल्पना गरेको भविष्य साकार बनाउने हो भने,त्यस भविष्यको लागि अहिल्यै काम गर्नका लागि तपाई जानुपर्छ

उनी आफ्नो जीवनकाल भरिनै एउटा समस्याको व्यक्ति थिए । वास्तवमा, उनको अन्तिम योजना यति नराम्रोसँग अन्त भएको थियो कि घर फर्किआउने भिनो आशाका साथ उनले घर छोड्नुपरेको थियो । अब उनको आशा भनेको टाढोको नातेदारहरु, आफ्नै भाग्य र प्रभुसितको विश्वासमा पाएको सम्बन्ध मात्र थियो । तब उनले राहेललाई भेट्टाए । अनि अब याकुबले आफ्नो भविष्य कस्तो हुनेछ भनी थाहा पाए, किनकि उनले आफ्नो सपनाको राजकुमारीलाई भेट्टाएका थिए । तरै पनि,लक्ष्य के हो भनी थाहा पाउनाले मात्र त्यसको परिणामका बारे ग्यारेन्टी दिदैन; त्यो पूरा हुन आउनका लागि उनले मेहनत गर्नुपऱ्यो । उनले तिनको पितासित एउटा सम्झौता गरे, अनि आफैलाई प्रमाणित गर्न थाले र उनको भविष्यका लागि टेवा पुऱ्याए । परमेश्वरले याकुबलाई एउटा असल भविष्यको आशा दिनुभएको थियो, तरैपनि उहाँले याकुबलाई त्यस योजनामा सहभागी भएको अपेक्षा गर्नुभयो । यो अनुभवद्धारा याकुबले एउटा महत्वपूर्ण पाठ सिके र उनका छोराहरुमध्ये एकलाई यो कुरा सिकाए । के तपाईले स्वप्नदर्शीलाई, जब कठिनाईहरु आउँछन्, हरेस नखानु भनी भनेको सून्नु भएन र ? “ याद राख, यूसुफ, यदि तिमीले कल्पना गरेको भविष्य साकार पार्ने हो भने त्यस भविष्यको लागि अहिल्यै काम गर्नुका लागि जानुपर्छ ।”आजसम्मको लागि पनि त्यो एउटा असल सल्लाह हो !

### आजको प्रार्थना

पिता, तपाईको वचनले भन्दछ कि मेरो जीवनको लागि तपाईसित एउटा सुन्दर योजना छ, मलाई आशा र भविष्य दिने योजना ! मलाई पर्खिबसेको त्यस भविष्यतिर जसै म हेर्दछु, कृपया गरी त्यो कुरा मलाई देखाईदिनुहोस् जुन अहिले मैले गर्नुपर्छ । मेरो भोलिको लागि परिश्रम गर्ने मलाई शक्ति दिनुभएको निम्ति पिता, तपाईलाई धन्यबाद छ ।

### आजको बाइबल खण्ड

उत्पति २९:१८ याकुबले राहेललाई प्रन गरे । तिनले भने, “ तपाईको कान्छी छोरी राहेलको निम्ति सात वर्षसम्म म तपाईको सेवा गर्नेछु । ”

# व्यक्ति त्यसबेला परमेश्वरबाट टाढा हुदँछ, जब या त परमेश्वर अघि बढ्नुहुन्छ र हामी बढ्दैनौ वा परमेश्वर बढ्नु नभएको दिशातिर हामी बढ्दछौ

परमेश्वरबाट टाढा भाग्नु सधैं त्यस क्षणको लागि अति सार्थक हुदैन । समयको कुनै निश्चित बिन्दुमा, अब्राहम र उनका भतिजा लोत एकताको लागि एक आपसबाट अलग हुनु बुद्धिमानी देखे । तिनीहरु परमेश्वरबाट यतिसम्म आशिषित भएका थिए कि तिनीहरुका नोकरहरु सम्पतिका लागि बाँझ्न थालेका थिए । अब्राहामले दयापूर्ण भई लोतलाई उनका गाईवस्तु कुन ठाउँ लगेर चराउने भन्ने कुरा रोज्नलाई दिए । अब यही नै लोतले सबैभन्दा ठूलो गल्ती गर्दछन् । बाइबलले हामीलाई भन्दछ कि लोतले.......आफ्नो लागि......... छाने ।

यो महत्वहिन देखिन सक्दछ तर तथ्य यो हो कि लोतले उनका काकाले जस्तै परमेश्वरबाट सल्लाह मागेनन् । उनले वास्तवमा, उपलब्ध भएको असल भूमिलाई रोजे । तर लोतलाई जे थाहा थिएन, त्यो परमेश्वरलाई थाहा थियो । त्यो स्थान जहाँ उनी जादैथिए, त्यसको कुनै भविष्य थिएन । परमेश्वरले त्यही शहर जहाँ लोत नै एक अगुवा थिए, त्यसलाई नष्ट गर्नुभयो, र उनले सबे कुरा गुमाए । ढिलै भएपनि उनले सिके कि व्यक्ति त्यसबेला टाढा हुदँछ जब या त परमेश्वर अघि बढ्नुहुन्छ र हामी बढ्दैनौ वा परमेश्वर बढ्नु नभएको दिशातिर हामी बढ्दछौ । सफल हुनु भनेको असल हो, तर जब हामी लापरवाहीपूर्वक रोज्दछौं, जस्तो कि लोतले रोजे र परमेश्वरबाट टाढा भए । कुनै भलाई हुन सक्दैन । तपाई सधैं परमेश्वरसित नजिकतिर बढ्दैहुनुहुन्छ भन्ने कुरामा निश्चित हुनुहोस् ।

आजको लागि प्रार्थना :

प्रभु, मैले गर्ने सबैकुरामा र मैले गर्ने हरेक निर्णयमा म तपाईलाई प्रशन्न पार्न चाहान्छु । कृपया मलाई तपाईको आवाज स्पष्टरुपमा सुन्ने कान दिनुहोस् र तपाईको कामलाई देख्ने आँखा अनि त्यो ह्रदय दिनुहोस्, जसले सबैकुरा भन्दा बढी तपाईलाई प्रेम गर्दछ । तपाईको वचन अध्ययन गर्दा कृपया गरी कसरी बुद्धिमानीपूर्णाको चुनावहरु गर्ने भनी मलाई देखायनुहोस् । म तपाईलाई पछ्याउन चाहान्छु । मलाई बाटो बिराउन नदिनुहोस् ।

आजको बाइबल खण्ड :

उत्पति १३:११-१३ यसैकारण लोतले यर्दनको जम्मै बेसी रोजेर पूर्वतिर लागे । यसरी यिनीहरु छुट्टिए । अब्राहाम चाँहि कनान देशमा नै बस्न लागे । लोतचाँहि बेसीका शहरहरुमा बास गरे । तिनले आफ्नो पाल सदोमसम्म सारे । सदोमका मानिसहरु दुष्ट थिए, र परमप्रभुको विरुद्धमा साऱ्है पाप गर्थे ।

# परमेश्वरले जे अर्डर गर्नुभएको छैन त्यको भुक्तानी गर्नुहुन्न

कल्पना गर्नुहोस् कि तपाई एउटा रेष्टुरेन्टमा हुनुहुन्छ, जहाँ वेटर आएर तपाईले अर्डर नै नगरेका खाने कुराहरु ल्याएर तपाईको टेबलभरि राखिदियो । ती खाना जस्तो सुकै राम्रो, स्वादिष्ट भएता पनि तपाईले अर्डर नगरेका खानेकुराहरुको लागि तपाई पैसा भुक्तानी गर्न चाहानुहुन्न । तपाई कस्तो महशुस गर्नुहुन्छ, यदि वेटरले भने भुक्तानीको लागि तपाई जिम्मेवार हुनुहुन्छ भनी भुक्तानीको माग गरे !

भर्खर मात्र यस्तो मसित एउटा अपरिचित देशमा भयो । मैले असल व्यवहार देखाएतापनि म दृढ नै रहे । वेटरलाई अचम्मित गर्दै म उनको हरेक बिन्तिको विरुद्धमा खडा भए र मैले अर्डर नगरेका कुराहरुको भुक्तानी दिन इन्कार गरे । कहिलेकाही परमेश्वरले पनि त्यस्तै गर्नुहुन्छ भन्ने म विश्वास गर्दछु । उहाँ हाम्रो आफ्नै इच्छाले रोजेका हरेक कुराहरुको भुक्तानी गर्नका लागि बाँध्य हुनुहुन्न । परमेश्वरको लागि के उत्तम हुन्छ भनी निर्णय गर्नुपूर्व र उहाँको पैसा उहाँले नै कहाँनिर खर्चनु पर्दछ वा तपाई आफैले भुक्तानी गर्नुपर्ने हो कि भनी प्रार्थना गर्नुहोस् ।

## आजको प्रार्थना :

पिता, मसित बोल्नुहोस् र तपाईको इच्छाभित्रका ती कुराहरु प्रति मात्र जिम्मेवार हुन मलाई बुद्धि दिनुहोस् । तपाईले नचाहानुहुने कुरामा तपाईको धन नखर्चनलाई मलाई मद्दत गर्नुहोस् ।

## आजको वचन खण्ड :

लूका १२:१६-२० उहाँले तिनीहरुलाई एउटा दृष्टान्त भन्नुभयो, “ कुनै एउटा धनी मानिसको जमीनमा प्रशस्त उब्जनी भयो । त्यसले मनमनै गुन्न लाग्यो, मेरो अन्न राख्ने ठाउँ मसित छैन, अब म के गरुँ ? तब त्यसले भन्यो, म यसो गर्नेछु, आफ्ना ढुकुटीहरु भत्काएर झन ठूला-ठूला बनाउनेछु र मेरा सबै अनाज र मालताल त्यही राख्नेछु । अनि आफ्नो प्राणलाई भन्नेछु, “ ए प्राण, धेरै बर्षसम्म पुग्ने प्रशस्त सम्पति तेरो निम्ति थुप्रिएको छ । सुखचैनमा बस् । खा, पि र मोज गर । ” तर परमेश्वरले त्यसलाई भन्नुभयो, “ ए मूर्ख, आज राती नै तेरो प्राण तँबाट लिइनेछ, र जे कुराहरु तैले आफ्नो निम्ति थुपारेको छस्, ती कसको हुने ?

याकुब ४:१३-१५ “ आज वा भोलि हामी फलानो शहरमा जाऔंला, त्यहाँ एक बर्ष बिताऔंला र व्यापार गरेर नाफा गरौंला भन्नेहरु अब सुन, भोलि के हुने हो तिमीहरु जान्दैनौ । तिम्रो जिन्दगी के छ ? तिमीहरु त तुवाँलो हौ, जो केही बेरको निम्ति देखा पर्छ, अनि हराइहाल्छ । यसको सट्टामा त तिमीहरुले यसो भन्नुपर्ने, यदि परमेश्वरको इच्छा भयो भने हामी बाचौंला र यस्तो उस्तो गरौंला ।

# यदि यो तपाईको नानी हो भने, त्यसलाई तपाई हुर्कानुहोस्

केही बर्षअघि एउटा मानिस र उनको श्रीमति हाम्रो मण्डलीमा आए । तिनीहरुले अनुरोध गरे र परमेश्वरले तिनीहरुलाई दिनुभएको भनी विश्वास गरेका एउटा दर्शन बाँड्ने समय तिनीहरुले पाए । मैले सुन्दै गर्दा, कुनै पनि दर्शनका लागि चाहिने एउटा मूख्य तत्व तिनीहरुकोमा थिएन भन्ने कुरामा म विचारशील भए त्यो हो केही कुराको जन्म दिइएको पछि चाहिने जिँम्मेवारी । हुनुहोस् त तिनीहरुले मलाई भने कि वस् सेवकाई द्धारा मण्डलीहरुलाई सहायता पुऱ्याउने वा लागि तिनीहरु बोलाइएका हुन् । तथापि, धेरै छलफलपछि तिनीहरु दृढसित त्यस सेवकाईको काममा असमर्पित भइरहे वा यसको निरन्तरता वास्ता र उत्तरदायित्व जस्ता पक्षहरुप्रतिको जिम्मेवारीमा समर्पित पनि थिएनन् । तिनीहरुको इच्छाको विउँ हाम्रो मण्डलीमा तिनीहरुले रोप्न चाहे तर त्यसपछिको कुराहरुमा भने टेवा पुऱ्याउने कुरामा कुनै जिम्मेवारीको महशुस गरेनन् । वास्तवमा तिनीहरु आफ्नो बाहेक मण्डली र सेवकाईमा समर्पित थिएनन्, । मैले तिनीहरुलाई मण्डली र यसका अगुवाहरु बिना दर्शनको नभए, जस्तो कि तिनीहरु सोच्छन्, त्यस्तो नभएको भनी तिनीहरुलाई हपारे । हामीसित दर्शन नभएको होइन तर ती मानिसहरु नभएका हुन् जो तिनीहरुले जन्माएका सेवकाईहरुलाई वास्ता गर्न समर्पित छैनन् । त्यसैले परमेश्वरले तपाई एउटा सेवकाइको पिता वा माता बनाउनुहुन्छ भने बच्चा पाउनु भन्दा पनि अरु कुराहरु गर्न बढी समर्पित हुनुहोस् बच्चालाई हुर्काउनुहोस् ।

आजको प्रार्थना:

प्रिय प्रभु, अरुहरुलाई मेरो विचार हालिदिनु मात्र नभइ त्यस प्रति जिम्मेवार हुने असल ज्ञान पनि मलाई दिनुहोस् । तपाईले मद्धारा जन्म दिनुभएको कुराहरु प्रति निरन्तर वास्ता गर्न मलाई बुद्धि दिनुहोस् ।

आजको बाइबल खण्ड :

२ कोरन्थी ११:२८अनि अरु कुराहरु बाहेक सबै मण्डलीहरुका फिकीको बोझ ममाथि छ ।

२ कोरन्थी ८:१६ तर परमेश्वरलाई धन्यबाद होस् जसले तीतसको हृदयमा तिमीहरुका निम्ति त्यही फिकी राखिदिनुभयो ।

फिलिप्पी २:२० तिनीजस्तो साँचो मनले तिमीहरुका कल्याणको चिन्ता गर्ने मानिस मसँग अरु कोही छैन ।